# रातो खबर

Ratokhabar weekly

साप्ताहिक






प्रकाशित भयो ।

आफ्नो प्रति सुरक्षित गर्नुहोस् ।



वर्ष ३, अङ्क १७, पूर्णाङ्क ११२ | २०७४ असोज २५ गते बुधबार | Wednesday, 11 Oct 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## प्रसिद्धको जन्मदर्ता कहिले ?

### अधिकारकर्मीको मुखमा कसले मोहला लगायो ?



■ **रातो खबर संवाददाता**/पोखरा

पूर्वप्रम पुष्पकमल दाहालका छोरा प्रकाश दाहालकी माहिली श्रीमती सिर्जना त्रिपाठी दाहालतर्फका छोरा प्रसिद्ध दाहालको जन्मदर्ता प्रमाणपत्र बनाइदिन दाहाल परिवारले आनाकानी गरेको छ। जन्मदर्ताको प्रमाणपत्र नभएका कारण उनको विद्यालय भर्नामा समस्या परेको प्रसिद्धकी आमा तथा प्रचण्डकी माहिली बुहारी सिर्जनाले बताएकी छिन्। सिर्जनाका पिताले सम्धी प्रचण्डसँग पटकपटक नातीको जन्मदर्ता गराइदिन आग्रह गर्दा पनि आलटाल गरेको बताइन्छ । 'प्रचण्डलाई सार्वजनिक दबाब नदिएसम्म समस्या समाधान होलाजस्तो छैन', उक्त खबर सार्वजनिक भएपछि एकजना अधिकारकर्मीले भनेका छन्। निर्वाध शिक्षा आर्जन गर्नु, बाँच्न पाउनु, लालनपालन र अभिभावकको सुरक्षा पाउनु न्यूनतम् बालअधिकारको विषय हो। पूर्वप्रम, सांसद, ठूलो दलका प्रमुख नेताबाट यो स्तरको मानवअधिकार उल्लङ्घन हुँदा पनि राष्ट्रिय मानवअधिकारसहितका अधिकारकर्मी संस्था र व्यक्तिहरूको मौनतालाई रहस्यमय ठानिएको छ।

# तीन दलीय गठबन्धन क्रान्तिकारी कम्युनिस्टहरूको विरुद्धमा

■ **रातो खबर संवाददाता**/काठमाडौँ



एमाले, माओवादी केन्द्र र नयाँ शक्तिका बीचमा पार्टी एकताका लागि भएको सैद्धान्तिक सहमति बजारमा एकाएक चर्चाको विषय बन्यो । माओवादी केन्द्र र एमाले इतरका नेता-कार्यकर्ताहरूले यसलाई कम्युनिस्ट वामपन्थीहरूबीच एकता सुरुआत भनेर व्याख्या गरे । तर दसबर्से जनयुद्धको एउटा हिस्सा नेकपा तथा क्रान्तिकारी माओवादी र नेकपा मसालले उक्त गठबन्धन सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूको विरुद्धमा भएको बताएका छन् । नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले तीन दलले चुनावी तालमेलसहित पार्टी एकताको पहल गर्ने विषयलाई व्यर्थको कचहरी भएको बताएका छन् । तीन पार्टी एकताका विषयमा बाबुरामले आवश्यकता र आकस्मिकताको परिणाम, प्रचण्डले निरन्तरताको क्रमभङ्ग र केपी ओलीले नेपाली जनताको चाहना र आवश्यकताको परिणाम भनेका थिए । तर नेकपाका महासचिव विप्लवले बाबुरामले भनेजस्तो आवश्यकता र आकस्मिकताको परिणाम नभई संयोग र अनिवार्यताको परिणाम भएको बताएका छन् । यस्तै शान्तिपूर्ण राजनीतिक

... बाँकी पृष्ठ ७ मा

# कम्युनिस्ट क्रान्तिकारीहरूबीच ध्रुवीकरण जरुरी : नेताहरू

मोहन वैद्य किरणले नेतृत्व गरेको (क्रान्तिकारी माओवादी) को पोखरामा आइतबार सुरु भएको राष्ट्रिय भेलामा सहभागी भएका कम्युनिस्ट नेताहरूले नेपालमा सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूबीच एकता हुनुपर्ने कुरामा जोड दिएका छन् । भेलाको उद्घाटन गर्दै क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य 'किरण' ले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा, मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मशाल), ऋषि कट्टेल नेतृत्वको नेकपालगायत पार्टीहरूबीच एकताका लागि छलफल चलिरहेको बताएपछि भेलामा पार्टी एकताको विषयले बहस पाएको थियो ।

भेलामा शुभकामना दिन पुगेका नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले समय खेर नफालीकन सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू एकताप्रक्रियामा अघि बढ्नुपर्ने कुरामा जोड दिए । साथै उनले क्रान्तिकारी माओवादीसँग 'नयाँ जनवाद' भन्ने पदावलीलगायत केही कार्यनीतिक विषयमा कुरा नमिलेको पनि खुलाए । माओवादी केन्द्रको एमालेमा विलयसँगै क्रान्तिका पक्षधर शक्तिहरूबीच एकता जरुरी भएको पनि नेता सुदर्शनको भनाइ थियो। यस्तैगरी नेकपाका अध्यक्ष ऋषि कट्टेलले क्रान्ति चाहने शक्तिहरूबीच एकता हुनुपर्ने आवश्यकता औँल्याउँदै अब ढिलो गर्न नहुने बताए। क्रान्तिकारी माओवादीको राष्ट्रिय भेलामा शुभकामना सन्देश पठाउँदै नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले देशमा छरिएर रहेका सच्चा कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूबीच एकताप्रक्रिया अघि बढाउनुपर्ने बताएका छन् ।

विप्लव र किरणका

... बाँकी पृष्ठ ७ मा

# सीमा रक्षकलाई भारतको हत्कडी

■ **रातो खबर संवाददाता**



दसजग्गा मिचेर, अन्तर्राष्ट्रिय कानुन र परम्परा प्रतिकूल तथा नेपाली बस्ती डुबानमा पार्ने गरी भारतले निर्माण गरेको बाँध भत्काउने सप्तरी जिल्ला, कोइलाडी तिलाठी २ का देवनारायण यादवलाई भारतीय प्रहरीले १५ गते पक्राउ गरी झूठो आरोप लगाएर जेल चलान गर्‍यो । देवनारायण यादवका छोरा अजयलाई आदर्शग्राम पञ्चायत (भारत, बिहार) मा सांस्कृतिक कार्यक्रम हेर्न गएको बेला पक्राउ गरिएको हो । छोरालाई छुटाउन गएका देवनारायण यादवलाईसमेत भारतीय अर्धसैन्य बलले पक्राउ गरेको हो । उनीहरूलाई सुपौलस्थित वीरपुर जेल चलान गरिएको हो । 'सीमा बचाऊ अभियान' का अगुवासमेत रहेका यादवको नेतृत्वमा गत वर्ष साउन १३ मा भारतीय पक्षले नेपाललाई डुबानमा पार्ने गरी गैरकानुनी बाँध बनाउन खोज्दा ठूलो प्रतिरोध भएपछि भारतीय पक्ष पछि हट्न बाध्य भएको थियो। त्यसक्रममा यादव घाइतेसमेत भएका थिए। त्यो घटनासँगै यादव एकाएक राष्ट्रिय नायकका रूपमा चर्चामा आएका थिए । ग्रेटर नेपालले उनलाई पुरस्कृतसमेत गरेको थियो । यादवलाई डोरीले चौखुर्याएर हथकडीसहित जेल चलान गरिएको थियो।

भारतीयको विरोधमा आवाज उठाउने देशभक्त यादवमाथिको प्रतिशोध नेपालमाथिको अपमान र भारतीय दादागिरीका रूपमा

... बाँकी पृष्ठ ७ मा

# पोखरामा नेकपाको बैठक सम्पन्न




■ **रातो खबर संवाददाता**/पोखरा

नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको पाँचौ पूर्ण बैठक पोखरा, लुम्लेमा नयाँ निर्णयसहित सम्पन्न भएको छ

पार्टी महासचिव विप्लवद्वारा प्रस्तुत 'संसदीय चुनाव खारेज गरौँ, क्रान्तिकारी ध्रुवीकरणलाई

तीव्र पारौँ' शीर्षकको आठ पृष्ठ लामो राजनीतिक प्रस्ताव पारित गर्दै पोखरा बैठक सम्पन्न भएको पोखरा संवाददाताले जनाएका छन् ।

बैठकमा महासचिव विप्लवले एमाले-माके र नयाँ शक्ति गठबन्धनलाई दक्षिणपन्थी, अवसरवादी, प्रतिक्रान्तिकारी गठबन्धन भन्दै संसदीय व्यवस्थाको सङ्कटको परिणति

भ न ु भ ए क ा

... बाँकी पृष्ठ ७ मा

# एमाले–माके–नयाँ शक्तिको गठजोडबारे

## देश/परिवेश

■ विप्लव



असोज १७ गते दिउँसो काठमाडौँको सभागृहमा एमाले, माके र नयाँ शक्तिले चुनावी तालमेलसहित पार्टी एकताको पहल गर्ने भन्ने सहमति गरेर संसदीय राजनीतिमा तरङ्ग ल्याउने व्यर्थको 'कचहरी' गरे । यो कचहरीमा कम्युनिस्ट पार्टी नै छोडेका बाबुरामले 'आवश्यकता र आकस्मिकता' को परिणाम भने। प्रचण्डले 'निरन्तरताको क्रमभङ्ग' भन्न पुगे। केपीले 'नेपाली जनताको आकाङ्क्षा, चाहना र आवश्यकता' भनेका छन् । सबैको निष्कर्ष थियो, 'यो निर्णय नेपाल र नेपाली जनताको हितमा गरिएको हो।' सबैको जोड चुनावमा गयो र अब दुईतिहाइ ल्याउने भन्ने थियो। केही मान्छेहरूले यसैलाई 'चियाको कपको तुफान' पनि बनाउन खोजेका छन्।

एक, मालेमावादी कोणबाट हेर्दा यो गठजोड बाबुरामले भनेजस्तो ' आवश्यकता र आकस्मिकता' को परिणाम होइन, 'संयोग र अनिवार्यता 'को परिणाम हो। बाबुराम र प्रचण्डले मालेमावाद, क्रान्ति, वैज्ञानिक समाजवाद छोडिसकेपछि मान्छेहरूलाई आकस्मिकता लागे पनि यो उनको कर्मले पुऱ्याउनुपर्ने अनिवार्य परिणाम थियो । उनीहरू पुँजीवादी संसदीय व्यवस्था मान्ने कुनै न कुनै शक्तिमा विलय वा पतन हुन अनिवार्य थियो। मिति हिजो हुनु आकस्मिकजस्तो लागे पनि यो अनिवार्य नै थियो । त्यसैगरी प्रचण्डले भनेको 'निरन्तरको क्रमभङ्ग' पनि अग्रगमन र क्रान्तितिरको क्रान्तिकारी क्रमभङ्ग होइन। यो प्रतिगमन, पश्चगमन र पुँजीवादतिरको उल्टो क्रमभङ्ग हो। निरन्तरतामाथि दुईवटा क्रमभङ्ग हुन्छन् : समाज र राज्यलाई वैज्ञानिक समाजवादतिर लैजाने क्रान्तिकारी क्रमभङ्ग र पुँजीवाद, संसद्वादतिर लैजाने क्रमभङ्ग । प्रचण्डको क्रमभङ्ग माओवादी आन्दोलनलाई संशोधनवादमा र समाजवादलाई पुँजीवादमा पतन गराउने क्रमभङ्ग हो । यो पनि अनिवार्य नै थियो । केपी वलीले भनेको 'जनचाहना, अपेक्षा र आवश्यकता' भने आफ्नो संशोधनवादी, संसद्वादी दृष्टिकोणअनुसारका मान्छेहरूको चाहना, अपेक्षा र आवश्यकता ठिकै हो। उनले त्यहाँ लोकतन्त्रको पनि खुब व्याख्या गरेर त्यसैमा सहमति भएको प्रश्नमा जोड दिए । तर उनले भनेजस्तो नेपाली श्रमिक जनता, उत्पीडित वर्ग, समुदायको चाहना, अपेक्षा र आवश्यकता त्यो होइन। श्रमिक जनताको चाहना त झापा विद्रोहदेखि जनयुद्धसम्मको समर्थन,

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# अवसरवादी गठबन्धन

'कसैलाई के धन्धा, कसैलाई खानको धन्दा' भनेझैँ नेपाली जनता गाँस, बास र कपासको अनिश्चिततामा भौँतारिइरहेको अवस्थामा नेपालका केही संशोधनवादी, पलायनवादी, वर्गघाती, जनघाती समूहहरूले अवसरवादी गठबन्धन गरेर कथित ' वाम एकता' को स्यालहुइँया मच्चाएका छन् । किसानलाई आकाशतिर चिल उडेको देखाएर चल्ला चोर्ने स्यालको कथाझैँ एमाले र माकेले पार्टीएकता संयोजन समिति निर्माण गर्ने निर्णयसहित जरा गाडिन नपाउँदै धर्मराइरहेको दलाल संसदीय व्यवस्था टिकाउनेउद्देश्यले दृश्यअदृश्य शक्तिहरूको इसारा र सहारामा कथित वाम गठबन्धन निर्माण गर्ने सहमति गरेको बुझ्न कुनै कठिनाइ पर्दैन ।

नेपालको राजनीतिक परिदृश्यमा एमाले र माके जनताबाट अपरिचित कुनै देशभक्त, जनवादी शक्ति होइनन् । एमाले नामको समूह २०२८ सालको झापा विद्रोहको जगमा स्थापित तर तीसको दशकको उत्तरार्द्धमा झापा विद्रोहबारे प्रायश्चित गरी निर्माण भएको संसद्वादी समूह हो । नेकपा (माओवादी) को नेतृत्वमा २०५२ साल फागुन १ गतेबाट आरम्भ भएको महान् जनयुद्धको समयमा एमालेले तत्कालीन काङ्ग्रेस-दरबार सत्ताका पक्षमा लागेर माओवादी र जनयुद्ध दबाउन आतङ्ककारी विधेयक ल्याउनेदेखि माओवादी नेता, कार्यकर्ता मार्ने-मराउने र मार्न उक्साउने तत्व हो । यसको त्यही वर्गचरित्रका कारण जनयुद्धकालीन नेकपा माओवादीले एमालेलाई प्रतिक्रियावादी शक्ति घोषणा गरेको थियो । जनयुद्ध त टाढैको कुरा, अमेरिका पुगेर कम्युनिस्ट झन्डा ट्रेड मार्क मात्र हो भन्ने र अमेरिकी राजदूत पार्टी कार्यालयमा आउँदा मार्क्स-लेनिनको तस्बिर झिकेर फाल्ने समूहलाई कम्युनिस्ट वा नेपालको सन्दर्भमा वामपन्थी भन्नु पनि नसुहाउने कुरा हो । राजतन्त्रको पक्षपाती यो समूहलाई बुर्जुवा गणतन्त्रसमेत स्वीकार्न धौधौ परेको थियो । ज्ञानेन्द्र शाहलाई राजा बनाउने, दाम चढाउने, राजतन्त्र टिकाउने, ज्ञानेन्द्रको सत्तामा टाँसिने हर्कत गर्दै आएको यो समूह अस्थिर चरित्रको यथास्थितिवादी शक्ति हो । दाम चढाउँदाचढाउँदै पनि ज्ञानेन्द्र शाहले जेलमा कोचेका नेता-कार्यकर्ता माओवादी जनयुद्धको बलमा मुक्त भएपछि त्राण पाएको यो समूहले कहिल्यै कम्युनिस्ट त के वाम चरित्र पनि ग्रहण गरेन । राष्ट्रियता, जनतन्त्र र जनजीविका सबै क्षेत्रमा बारम्बार धोका दिँदै आयो र नाममा कम्युनिस्ट पार्टी राखे पनि चरित्र सधैँ राप्रपा वा काङ्ग्रेसको जस्तै प्रतिक्रियावादी नै लिइरह्यो । कुनै दिन राजतन्त्र ढालेर जनगणतन्त्र स्थापना गर्ने उद्देश्यबोकेको आन्दोलनलाई ठेलागाढा चढेर अमेरिका जाने दुस्साहसको संज्ञा दिने केपी ओली यस समूहको नेतृत्व गरिरहेका छन् ।

माके नेपालको राजनीतिमा दलाली, गद्दारी र पतनको पराकाष्टा परिचय बोकेको समूह हो । दलाल संसद्वाद ढालेर जनगणतन्त्र, समाजवाद र साम्यवाद स्थापना गर्ने जनयुद्ध कुनै पनि मूल्यमा सम्झौतामा समाप्त पार्नु देश, जनता र वर्गका लागि भयङ्कर धोका र गद्दारी हुनेछ भन्ने निर्णय गरी जनयुद्ध सञ्चालन गरेर पनि नेपाल आमाका दसौँ हजार सुन्दर छोराछोरीको बलिदानपछि जित्दाजित्दैको जनयुद्धछाडेर दुस्मन वर्गसँग घाँटी जोड्न पुगेका प्रचण्डहरू र कहिल्यै पनि सत्तासँग खतरा नमोलीकन प्रचण्डहरूको ताबेदारी गरेकै भरमा माकेको उच्च तह हडप्न सफल नारायणकाजी श्रेष्ठहरूको कब्जामा रहेको माके दलाल संसद्वाद जोगाउन तयार पारिएको नयाँ बुख्याँचा हो । चुनावबाट पनि पतीत हुँदै गएपछि अस्तित्व धान्न त्राण खोजिरहेको यो समूह केपी ओलीले 'प्राणदान' दिएपछि त्यो समूहसँग बिनासर्त चुनावीमोर्चा र पार्टीएकतासम्म गर्न तयार भएको छ । ढल्न लागेको संसदीय व्यवस्था जोगाउन विभिन्न शक्तिकेन्द्रहरूले निरन्तर प्रयोग गर्दै आएको यो समूह हिजो माले समूहले झापा विद्रोहमा प्रायश्चित गरेर दलाल सत्तामा त्वम्शरणम् गरेजस्तै जनयुद्धप्रति प्रायश्चित गर्ने र सहिद, बेपत्ता परिवार, घाइते अपाङ्ग योद्धा तथा परिवर्तनकारी जनताबाट भाग्ने गुरुयोजनामा लागेको देखिन्छ । हिजो आफैँले प्रतिक्रियावादी घोषणा गरेको एमालेसँग चुनावी तालमेल मात्र नभएर पार्टीएकताकै लागि तयार हुनु भनेको उसले सम्पूर्ण रूपमा मालेमा त्यागेको घोषणा गर्नु हो । नारायणकाजीजस्ता हिजो महान् जनयुद्धलाई सामाजिक फासिवाद र फासिवादी आतङ्क भनेर हियाउने, प्रतिक्रियावादी सत्ताको लोलीमा बोली मिलाउने तत्वहरूत हिजै पनि संशोधनवादी, मध्यपन्थी र अवसरवादी थिए, एमाले नै थिए र आज पनि त्यही छन्, उनीहरूलाई एमाले बन्नु कुनै लाजमर्दो वा चिन्तालाग्दो विषय होइन । जनयुद्ध समाप्त पार्ने दिल्ली सम्झौता गराएको भन्दै गर्व गरिरहेका विभिन्न किसिमका काजीहरूका लागि कुनै पनि एमाले, संशोधनवादी वा अवसरवादी गठबन्धन गर्वकै विषय हुनसक्छ तर हिजो साम्यवादी सपना देखाएर जनयुद्धमा होमिएका र नसा, रगत वा धुकधुकीमा अलिकति पनि मालेमावादको गन्ध बोकेकाहरूआज कसरी हाकाहाकी एमाले बन्न कार्यकर्ताहरूलाई निर्देशन दिइरहेका होलान्, यो दृश्य हिजो पुष्पकमल दाहालले आफ्नी एउटी छोरीलाई मेयर बनाउने सपना पूरा गर्न काङ्ग्रेसलाई भोट मागिदिएको घिनलाग्दो दृश्यभन्दा कुनै पनि अर्थमा कम छैन । कम्युनिस्ट आदर्श नै परित्याग गरेर मार्क्सवादलाई लात हान्दै कथित नयाँ शक्ति बनाएका बाबुराम भट्टराई नाम गरेका पात्रलाई फेरि कथित वाम गठबन्धन बनाउन कुन शक्तिले उत्प्रेरित र प्रयोग गऱ्यो, यो बुझ्न भने केही समय कुर्नैपर्ने देखिन्छ ।

जे होस्, दलाल संसद्वादको धुकधुकी जोगाउन नेपालमा फेरि एकपटक 'वाम' र 'लोकतान्त्रिक' का नाममा विभिन्न बुख्याँचा गठबन्धनहरूनिर्माण गर्न थालिएको छ । नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टी र जनताका लागि दुस्मन र मित्र छुट्ट्याउने यो एउटा राम्रो अवसर पनि हो । गठबन्धनहरू बनाइदिने 'प्रभु' हरूको इच्छा पूरा नहुँदै नेपाली जनताले दलाल संसद्वादका जरा काट्न र जनसत्ता स्थापना गर्न एकपटक फेरि चुनौती भने मोल्नैपर्ने भएको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# विश्वमा सञ्चारको विकासको प्रक्रिया


अनिल शर्मा

*समाजवादी क्रान्तिपछि प्रेसको भूमिका र दायित्वलाई वर्गीय दृष्टिले हेर्न थालिएको छ । सञ्चारले निश्चित वर्ग र समुदायका हितहरूको प्रतिनिधित्व गर्ने गर्दछन् । अब प्रेसको स्वतन्त्रता, निष्पक्षता, तटस्थताजस्ता नारा पुरानो भैसकेको अनुभव गर्न थालिएको छ ।*

धातु छापाखानाको आविष्कार जर्मनीमा भएको मानिन्छ। सन् १४५० को दशकमा जर्मनीमा यसको आविष्कार हुँदा राजा नियन्त्रित थियो । सन् १६६५ मा बेलायतबाट अक्सफोर्ड गजेट र सन् १७०२ मा हेली कुरान्ट दैनिक प्रकाशित भएका थिए । त्यसै अवधिमा सन् १६९० मा अमेरिका, बोस्टर्नबाट पब्लिक एक्युरेन्स प्रकाशित भएको थियो । त्यसको दुई दशक नपुग्दै सन् १७०४ मा बोस्टन न्युजलेटर नामको अखबार प्रकाशित भयो । त्यसपछि युरोप र अमेरिकामा अखबार प्रकाशनमा गति आएको हो । लोकतन्त्रको जननी भनेर प्रचारित पुँजीवादी प्रजातन्त्रको नमुना बेलायतले १७ औँ शताब्दीको अन्तिमसम्म पनि सञ्चारमाथिको नियन्त्रण कायमै राखेको थियो । अठारौँ शताब्दीमा आएको औद्योगिक क्रान्ति र त्यसले ल्याएको राजनीतिक, वैचारिक जागरणसँगै सञ्चारको स्वतन्त्रताका विषयमा पनि बहस हुन थालेको हो ।

बेलायतले सन् १७७६ मा विशेष घोषणा (Declaration of Right of the state of verginia) को धारा १२ मा 'ब्रिटिस संवैधानिक प्रणालीले प्रेसको स्वतन्त्रतालाई संरक्षण दिँदै सार्वजनिक चासोका विषयहरूमा स्वस्थ आलोचना र टिप्पणी गर्ने स्वतन्त्रता प्रदान गरेको छ । बेलायतले युरोपेली अदालतमा व्यक्तिले सीधै उजुरी गर्न पाउने विषय र त्यसको अनिवार्य क्षेत्राधिकारलाई स्वीकार गरेको छ । (नेपालमा प्रेस स्वतन्त्रता पृष्ठ १२, महेन्द्र बिष्ट) त्यसको प्रभाव विश्वभरि पर्ने नै भयो । सन् १७९१ मा अमेरिकाको संविधान संशोधन गरी बेलायतको पदचाप पछ्याउन खोजियो । अमेरिकी संविधानमा भनियो- 'अमेरिकी काङ्ग्रेसले प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने कुनै कानुन बनाउनेछैन ।' त्यसैगरी फ्रान्सको राष्ट्रिय संसद्ले सन् १७८९ मा जारी गरेको नागरिक अधिकारसम्बन्धी घोषणापत्र, धारा ११ मा भनिएको छ- 'प्रत्येक नागरिक बोल्ने, लेख्ने र प्रकाशन गर्ने स्वतन्त्रता हुनेछ ।' यसरी जबजब मानव समाज दास युगबाट पुँजीवादी युगमा प्रवेश गर्दै गयो । त्यसको क्रमिकतामा नै सञ्चारको विकास हुँदै गएको देख्न सकिन्छ । सामन्तवादको तुलनामा पुँजीवाद आफ्नो उषाकालमा उदार हुनु, सञ्चारको माध्यमले सत्तारूढ वर्गलाई प्रहार गर्ने अवसर प्रदान गर्नु र प्रविधिमा आएको विकासले त्यसका लागि भौतिक वातावरण सिर्जना गर्नुका कारणले सञ्चारको विकास ठूलो अनुकूलतामा पैदा गरेको थियो ।



सन् १९१७ मा सोभियत समाजवादी क्रान्ति भयो । जीवन र श्रमिक वर्ग, महिलाअधिकार, उत्पीडित समुदायलगायत सम्पूर्ण पक्षमा नयाँ धारणा आए । मजदुर वर्गले आफ्नो अधिकारका लागि त्यस बेलासम्मको पुँजीवादी प्रणालीले अस्वीकार गरेको हडताल तथा सङ्घर्षको अधिकारलाई कानुनी मान्यता दियो । राज्यद्वारा गाँस, बास र कपास सुनिश्चित गरियो । आवधिक विकासको धारणा आयो । समाजवादी अवधारणाका निम्नतम सर्त लागू गर्नुपर्ने बाध्यता बाँकी विश्वलाई भयो । त्यसैक्रममा युरोपमा 'लोक कल्याणकारी राज्य' को अवधारणा अगाडि आयो । त्यसपछि सञ्चार स्वतन्त्रता र दायित्वका विषयमा नयाँ धारणाहरू विकसित भए । त्यसपछि नै जनताका लागि सञ्चार भन्ने धारणा अगाडि आयो ।

मार्क्सवादका प्रणेता कार्ल मार्क्स आफैँ एकजना पत्रकार थिए । विचारको प्रचार र जनमत निर्माण मात्र होइन, मार्क्सले कयौँ वर्ष सञ्चारलाई जीविकोपार्जनको साधनसम्म बनाएका थिए । लेनिन आफैँ एकजना कुशल सम्पादक थिए । चिनियाँ क्रान्तिमा पनि पार्टीले सञ्चार क्षेत्रलाई विशेष महत्व दिएको देखिन्छ । चीनमा जापानी आक्रमण र प्रतिरोधको समयमा जापानी महिलालाई ल्याएर जापानी भाषामा जापानविरोधी समाचार सम्प्रेषण गरेको घटना रोमाञ्चक घटनाका रूपमा लिइन्छ । गृहयुद्धकालमा देङ स्याओ पिङ पार्टी प्रकाशन विभागका प्रमुख थिए । लेनिनले अखबारलाई सङ्गठनकर्ता र प्रचारकर्ता दुवै भूमिका निर्वाह गर्नसक्ने साधनका रूपमा अर्थ्याएका थिए ।

समाजवादी क्रान्तिपछि प्रेसको भूमिका र दायित्वलाई वर्गीय दृष्टिले हेर्न थालिएको छ । सञ्चारले निश्चित वर्ग र समुदायका हितहरूको प्रतिनिधित्व गर्ने गर्दछन् । अब प्रेसको स्वतन्त्रता, निष्पक्षता, तटस्थताजस्ता नारा पुरानो भैसकेको अनुभव गर्न थालिएको छ ।

वि.सं. १८२५ मा नेपालको भौगोलिक एकीकरण भयो । त्यस अघिपछि लामो समयसम्म नेपालमा सार्वजनिक समाचारको कुनै साधन थिएन । त्यसभन्दा धेरै अघि नै चीनमा कागजको आविष्कार भैसकेको थियो । जर्मनीमा धातुको छापाखाना बनिसकेको थियो । १६ औँ शताब्दीको उत्तरार्द्धमा युरोपमा अखबारको प्रकाशन भइसकेको थियो । तर पनि नेपाल त्यसबाट बेखबर नै थियो । यद्यपि नेपालमा सार्वजनिक सञ्चारको लामो मौलिक परम्परा छ र त्यसको अवशेष अझै देख्न सकिन्छ । आज अखबार, रेडियो, टेलिभिजनहरूले समाचार प्रसारण गरेझैँ कुनै समय गन्धर्वहरूले समाचार प्रसारण गर्थे । दरबारको स्तुति, महिमागान, प्राकृतिक पीडा, लाहुरे जीवनका कथा, लडाइँका कथा-व्यथा आजजसरी घरघरमा सञ्चारले पुऱ्याइरहेको छ, कुनै समय त्यो भूमिका गन्धर्वहरूले पूरा गर्थे । पहाडी समुदायमा 'कटाले' पेसा हराइसके पनि थारू समुदायमा 'हाँकपारा' पेसा अझै जीवित छ जसले सार्वजनिक सञ्चारको काम गरिरहेका छन् ।

> जङ्गबहादुर राणा वि.सं. १९०८ मा बेलायत भ्रमणमा गएका थिए । बेलायतमा उसबेला सञ्चारको ठूलो विकास भैसकेको थियो । यता नेपालमा न अखबार थियो, न त सरकारी कागजात छापिएका कागजमा प्रयोग गरिन्थ्यो । राणा फर्किंदा आफ्नो साथमा एउटा हाते छापाखाना लिएर आए । त्यसको माथिल्लो भागमा गिद्धको परखँटाजस्तो आकृति भएकाले त्यसलाई "गिद्दे प्रेस" भनिन्थ्यो । गिद्दे प्रेस नै नेपालको पहिलो छापाखाना हो ।

जङ्गबहादुर राणा वि.सं. १९०८ मा बेलायत भ्रमणमा गएका थिए । बेलायतमा उसबेला सञ्चारको ठूलो विकास भैसकेको थियो । यता नेपालमा न अखबार थियो, न त सरकारी कागजात छापिएका कागजमा प्रयोग गरिन्थ्यो । राणा फर्किंदा आफ्नो साथमा एउटा हाते छापाखाना लिएर आए । त्यसको माथिल्लो भागमा गिद्धको परखैँटाजस्तो आकृति भएकाले त्यसलाई 'गिद्दे प्रेस' भनिन्थ्यो । गिद्दे प्रेस नै नेपालको पहिलो छापाखाना हो । वि.सं. १९४९ मा कुवेररत्न बज्राचार्य (रुद्रकाजी बज्राचार्य) ले नयाँ सडक पाको टोलमा आफैँले बनाएको नेपाली हाते छापाखाना १९७९ सम्म बुद्ध प्रेसको नाममा चलेको थियो ।

वि.सं. १९४३ मा मोतीराम भट्टको पहलमा बनारसमा नेपाली भाषामा ' गोरखा भारत जीवन' नामक मासिक प्रकाशित भयो । त्यो पहिलो नेपालीभाषी अखबार थियो । मोतीराम भट्टकै पहल र कृष्णदेव पाण्डेको सहयोगमा संवत् १९५५ मा 'सुधा सागर' छापियो जुन १९५० मा स्थापित 'पाशुपत छापाखाना' द्वारा मुद्रण गरिएको थियो । आधुनिक नेपाली अखबारको श्रेय भने श्री ३ देवशमशेरलाई जान्छ उनले १९५८ वैशाख २४ का दिन 'गोर्खापत्र' साप्ताहिक प्रकाशित गरे । कालान्तरमा गोर्खापत्र दैनिक मात्र भएन, गोरखापत्र नामकरण भयो । २००७ कात्तिक २० का दिन विद्रोही पक्ष (नेपाली काङ्ग्रेस) ले सञ्चारमा गरेको 'नेपाल प्रजातन्त्र रेडियो' २००७ चैत २० मा 'रेडियो नेपाल' मा परिणत गरियो ।

२०१६ पुस १ गते पहिलो समाचार वितरक संस्थाका रूपमा 'नेपाल संवाद समिति' स्थापना भयो । त्यसको लगत्तै २०१७ वैशाख ३० गते 'सगरमाथा संवाद समिति' स्थापना भयो । यी दुवैलाई एकीकरण गरी २०१८ फागुन ७ गते 'राष्ट्रिय संवाद समिति' बनाइयो । २०२८ सालदेखि यसले राष्ट्रिय समाचार समिति (रासस) को नामबाट काम गरिरहेको छ । २०४२ साउन २९ गते परीक्षण प्रसारण र २०४२ पुस १४ गतेबाट नेपाल टेलिभिजन नियमित प्रसारण भइरहेको छ । यसबीचमा थुप्रै रेडियो र टेलिभिजन आइसकेका छन् । २०५२ असार ३१ गतेबाट वर्ल्ड लिङ्कले इन्टरनेट सेवा सुरु गरेको छ । नेपाल दूरसञ्चार संस्थानले २०५८ सालबाट सो सेवा सुरु गरेको छ । सूचना विभागको आर्थिक वर्ष २०७३ चैतसम्मको तथ्याङ्कअनुसार अखबारको सङ्ख्या ७,४६३ छ । प्रेस काउन्सिलको वर्गीकरण नतिजाअनुसार नियमित प्रकाशित अखबार ८६८ मात्र छन् । सूचना तथा सञ्चार मन्त्रालयका अनुसार २०७३ चैत मसान्तसम्म प्रसारण अनुमति पाएका ७ सयवट एफएम रेडियोमध्ये ५३५ वटा सञ्चालनमा छन् ।

नेपालको वामपन्थी आन्दोलनमा पठन संस्कृतिको लामो र गर्विलो परम्परा छ । हलकारा, दियो, वेदना, फून्गो, कलम, रातो थुङ्गा, नेपाली साहित्य, योजना, जनादेश हुँदै अहिले रातो खबर, हाँक, श्रमिक, वर्गदृष्टिलगायत साप्ताहिक, मासिक, त्रैमासिक प्रकाशित छन् । विद्युतीय माध्यममा पनि उल्लेख्य उपस्थिति छ । यसका विषयमा अलग्गै छलफलको आवश्यकता छ । विश्वमा सञ्चारको विकास भएको दुई सय वर्षभन्दा पछि प्रवेश गरेको नेपाली सञ्चार अहिले विश्वको मूल प्रवाहमा समावेश भएको छ । जनयुद्धको समयमा यसले युद्ध पत्रकारिताको अनुभवसमेत सँगालिसकेको छ ।

# दलाल पुँजीवादी संसदीय गणतन्त्र र चुनाव


भरत बम

राज्यद्वारा प्रायोजित चुनाव दलाल संसदीय गणतन्त्रात्मक राज्य व्यवस्था संस्थागत गर्ने उद्देश्यले गरिएको थियो, त्यसैले नेपाल कम्युनिस्ट पार्टीले त्यो चुनावलाई अस्वीकार गर्दै खारेज गरेको हो । अहिले एकातिर राज्यले चुनाव सम्पन्न गर्दै सफल भएको दावि गरिरहेको छ भने अर्कोतीर नेकपाले चुनाव खारेज अभियान पनि सफल भएको दावि गरिरहेको छ । यसरी हाम्रो देशमा मुलभूत रूपमा दुईवटा राजनैतिक विचारधाराको प्रभाव परिरहेको छ । त्यसैले यी दुई राजनैतिक विचारधाराको प्रभाव र सफलता वारे सामान्य चर्चा गरौं ।

**१) चुनावको प्रभाव र सफलता**

चुनाव नै हुन सक्दैन,गर्न सक्दैन भन्ने पृष्ठभुमीमा घोषित चुनाव सम्पन्न हुनुलाई राज्यले आफ्नो ठुलो सफलताको रूपमा ग्रहण गर्नु र प्रचार गर्नुलाई स्वभाविक मान्नुपर्छ । यसले पुरानो राज्यको भत्केको जगलाई पुनस्थापित गरेको छ । यो राज्यको एकहदसम्मको सफलता पनि हो । तर एकातीर अहिले सम्पन्न चुनावले नयाँ राज्यको नभई पुरानै संसदीय चुनावको प्रभाव छोडेको छ भने अर्कोतीर नेकपाले यस्लाई अस्विकार गरीदिएकोछ । वास्तवमा यो चुनावको देखावटी सफलता भित्रका असफलता र नकारात्मक प्रभावहरू छन । जस्को कारण यो व्यवस्थाको दिर्घजीवन असम्भव छ ।

**क) चुनाव र असन्तुष्टि**

अहिलेको चुनावमा सच्चा माओवादी भन्नाले नेपाल कम्युनिस्ट पार्टी, जसले आजको परिवर्तनको लागी वलिदानीपूर्ण सङ्घर्ष गऱ्यो । राजावादी, जसले अहिलेको परिवर्तन सहजै संम्भव बनाई दियो र मधेशवादी भन्नाले संसदवादी, जसले विद्यमान सत्तासीनले जे गरे त्यही गऱ्यो - यी तीन वटै शक्तिको अहिलेको राज्य व्यवस्था र चुनावबारे आ-आफ्नै असन्तुष्टि थिए र छन् । यी राजनैतिक असन्तुष्टिलाई राज्यले दमन गर्ने नीति लिएर चुनाव सम्पन्न गरायो । परिणामतः शाषकसँग नयाँ राष्ट्रिय एकता र राज्यको गर्वानुभूति र उच्च नैतिक मनोवल भएन र यही अनुकूल समयमा वैदेसिक शक्तिकेन्द्रले आफ्नो परम्परागत हस्तक्षेपकारी नीतिलाई झन् तीव्र पारे । त्यसैले देशभित्रको राजनैतिक असन्तुष्टिलाई दमन गर्नु र वैदेसिक शक्तिको हस्तक्षेपलाई थप आमन्त्रण गर्नु अहिलेको राज्य व्यवस्था र चुनावको असफलता तथा कमजोर र नकरात्मक पक्ष हुन् ।

**ख) चुनाव र आर्थिक परिचालन**

अहिलेको कथित स्थानीय चुनाव र दोस्रो संविधानसभाको चुनावमा भएको आर्थिक परिचालन र चलखेलेको मात्रा धेरै ठूलो भएको सत्य स्वयम् सहभागी पार्टीका नेताहरू स्वीकार गर्छन् । यसले के प्रष्टाउँछ भने "जनतालाई फुटाउ र शासन गर, पैसाको खोला बगाऊ र मानिसहरूको खरिद बिक्री गर, जसरी पनि बहुमत पुष्टि गरेर जित र दमन गर" भन्ने पुरानै संसदीय व्यवस्था र चुनावी मान्यतालाई अहिले झन नाङ्गो र भद्दा रूपमा व्यक्त गरिएको छ । यसले जनतामा कथित नयाँ राज्य व्यवस्थाप्रतिको वितृष्णालाई झन् बढाइदिएको छ र राजनीति एक फस्टाउँदो व्यवसायमा परिणत भएको छ, राजनैतिक मूल्य मान्यता र आदर्शप्रतिको आस्था र विश्वास टुट्दै गएको छ । राजनीति व्यवसायमा परिणत हुनुको कारण ने कांग्रेस र माकेले चुनावी सहकार्य गरे, यी र यस्तै विचित्र गठवन्धन र सहकार्य चुनावमा देखिए । यद्यपि अहिलेका राजनैतिक पार्टीहरूमा एजेण्डाको हिसाबले तात्विक भिन्नता पनि छैन । सबैले आर्थिक क्रान्ति, विकास, शान्ति र सम्वृद्धि भन्छन् । संविधानको कार्यान्वयन मुख्य अभिभारा निश्चित गर्छन् । संघीयता, गणतन्त्र, धर्म निरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व सबैले भन्छन, कार्यशैली पनि एउटै छ । नातावाद, परिवारवाद, कृपावाद, झुठ्ठा आश्वासन, कमिसन र भ्रष्टाचार, कसैले बोल्दैन हाम्रा विदेसिन बाध्य हजारौं युवाहरू र तिनका भित्रिएका शवलाई रोक्ने बारे । मात्रै विभिन्न पार्टीको नाममा जनतालाई फुटाउँछन्, लडाउँछन्, कमजोर पार्छन् र शासन गर्छन् ।

अहिलेको चुनावमा एक भोटको मूल्य १० देखि १०००० सम्म पर्न गएको देखिन्छ । एक जना कथित जनप्रतिनिधिले लाखौ करोडौ आर्थिक परिचालन गरेको देखिन्छ । हाम्रो बजेटको मुख्य हिस्सा वैदेसिक अनुदानमा निर्भर भएजस्तै चुनावमा परिचालित पुँजीको मुख्य हिस्सा पनि विश्व वित्तीय तथा दलाल पुँजी नै हो । यो प्रत्यक्ष रूपमा चुनावी सहयोगको नाममा र अप्रत्यक्ष कमिसन र भ्रष्टाचारको माध्यमबाट नेताहरूसँग केन्द्रित हुन आउँछ जो चुनावमा मानिसको खरिदबिक्रीमा प्रयोग हुन्छ यसरी दलाल पुँजीको प्रभाव र लगानीमा कथित जनप्रतिनिधि निर्वाचित हुन्छन् । जनताको आशा हुन्छ जनप्रतिनिधिले जनताको काम गर्ला तर उनीहरूको काम जसले लगानी गरेको छ उसको सेवा गर्नु हुन्छ भने लगानीकर्ताले नाफासहित लगानी उठाउँछ त्यसैले त महङ्गी बढ्छ, कर बढ्छ, शिक्षा र स्वास्थ्यको व्यपारीकरण बढ्छ, देशको प्राकृतिक साधनस्रोत लीलामी हुन्छ र नेताहरू नै बेचिन बाध्य हुनुपर्छ । अहिले चुनावमा पैसा र रक्सीको खोला बगेको देखेर जनताले भने कि यो पनि उस्तै रैछ, हामीले विगतमा लडेर के पायौ ? उही सिमित पुँजिपति वर्गको पहुँच भएको राज्य- जहाँ जनमत र जनताको शासन हात्तीका देखाउने दाँत मात्र । यसरी चुनावले राज्यव्यवस्थाको असलियत स्पष्ट पारेको छ । यो राज्य व्यवस्था र चुनावको अर्को असफलता तथा कमजोर र नकारात्मक पक्ष हो ।

**ग) चुनाव र बम**

यसपालीको स्थानिय चुनाव र दोस्रो सम्विधानसभाको चुनावको एक अभिन्न हिस्सा बम पनि बनेको छ र सामान्यकरण भएको छ वा गरिएको छ । सबैलाई थाहा नै हुनुपर्छ कि बम पड्केपछि मानिसहरू पनि मर्छन् । मननिय कुरा के छ भने जुन चुनावले आफैसँग बम बोकेर ल्याउँछ त्यो चुनावद्धारा स्थापित राज्यप्रणाली कति जनपक्षीय र टिकाउ होला ? विचारणीय कुरा छ । सायद यही तथ्यलाई स्वीकार्दै सेना परिचालन गरेर पनि एकै चरण चुनाव गर्न सकेनन् । यसपटक चुनावमा भाग नलिनेसगै लिनेले पनि फिल्डमा बमको माग गरे, प्रयोग गरे र मानिसहरू पनि मारे । यो राज्य व्यवस्थाको चुनावको असफलता तथा तेस्रो नकारात्मक र कमजोर पक्ष हो ।

**घ) चुनाव र राज्य व्यवस्था**

चुनावको निरपेक्ष विरोध गरिएको छैन त्यो सही होइन । कुन राज्य व्यवस्था अन्तर्गतको कुन चरणको कुन उदेश्यले गरिएको चुनाव हो भन्ने प्रश्न महत्वपूर्ण हुन्छ र हो । त्यसैले अहिलेको चुनाव नयाँ संविधान २०७२ अन्तर्गतको हो, तर संविधानमा जे जस्तो लेखियता पनि यो संविधानले देशको अर्ध-औपनिवेसिक अवस्थाको अन्त्य गरेन बरु नव-उपनिवेश बनायो । पुरानो असफल संसदीय व्यवस्थालाई बदलेन बरु प्रकान्तरले त्यही संसदीय राज्य प्रणालीलाई नै पुर्नस्थापित गऱ्यो । यसले जनयुद्धको स्वामित्व लिएन जसको कारण यो संम्धिान जन्म्यो, यसरी आफ्नो जन्म दिने आमालाई न्याय नदिने सन्तानले कसरी छिमेकीलाई न्याय दिन सक्छ ? यो मार्क्सको भाषामा माथिबाट २/४ जनाले जुन तालको संगीत बजाउँछन् बाँकी तल बसेकाले त्यसैमा नाच्ने संसदीय लोकतन्त्र हो । जुन लोकतन्त्र अर्न्तगत हुने चुनावले निश्चित समयसम्म कुन फटाहालाई लुटन दिने भनेर छनौट गर्छ । नेपालको सर्न्दभमा जनताको सङ्घर्षद्वारा कोमामा पुऱ्याइएको पुरानो व्यवस्थालाई विदेशीको आडमा पुनः ब्यूँताएर ल्याइयो । त्यसैले यो दलाल संसदीय व्यवस्थाको भत्केको जग हाल्ने चुनाव खारेज अनिवार्य बनेको हो ।

*अहिलेको योजनामा नेपाल कम्युनिस्ट पार्टीलाई तुरुन्तै झडपमा ल्याएर सिध्याउने वा यो केही पनि होइन भनेर सावित गर्ने शासक वर्गको रणनीतिलाई असफल पार्दै कार्यकर्ता र जनतालाई सङ्घर्षमा खार्दै परिपक्व बनाउँदै लगेको छ । किनकि पार्टीले नेपाली अधुरो क्रान्ति पूरा गर्न एकीकृत जनक्रान्तिको कार्यदिशा तय गरेको छ र त्यसलाई चुनावको खारेजी अभियान मार्फत व्यवहारिक रूप दिएको छ ।*

वास्तवमा अहिलेको चुनावले जनतामा नयाँ राज्यको हैन पुरानै संसदीय राज्यप्रणालीको प्रभाव दियो, वैदेशीक वित्तिय तथा दलाल पुँजीको विस्तारलाई तिव्रता दिएर विदेशी प्रभुत्वलाई झन् बलियो बनायो यसरी यो दलाल असफल संसदीय व्यवस्था २१ शताब्दीका सचेत र स्वाभिमानी नेपाली जनतामाथि अनावश्यक बोझ बनेर बज्रियो । परिणामतः यसले आफ्नो जन्मसँगै बम बोकेर आयो, साथमा मलामी पनि । तर राज्य यी आफ्ना नकारात्मक पक्षलाई संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य व्यवस्थाको आवरणले छोप्दै चुनावको सफलतापछि आफ्ना कदमहरू सकेसम्म निर्भय र निर्धक्क अगाडी बढाउने कोसिस गर्नेछ र विरोधीलाई दमन गरेर नयाँ द्वन्द्वको शुरुवात गर्दै देशलाई झन कंगाल बनाउँदै अन्तराष्ट्रिय शक्तिकेन्द्रको कठपुतली बन्नेछ ।

**२) चुनाव खारेज अभियानको प्रभाव र सफलता**

देश तिव्रतर ढंगले नवउपनिवेसिकरण भैरहेको, प्रतिक्रान्तिकारी हावा हुरी वेगले चलिरहेको, देशका ठूला साना सबै पार्टीहरू चुनावमा होमिएको र संसदवादको पिरो धुवाँ उडिरहेको यो बेला हाम्रो एक मात्रै पार्टी नेपाल कम्युनिस्ट पार्टी त्यसको विरुद्ध खडा भएर दृढतापूर्वक चुनाव खारेज अभियानलाई अगाडी बढाउन सफल भयो । यसको के कति प्रभाव पर्यो यसबारे पनि चर्चा गर्न आवश्यक छ ।

**क) चुनाव खारेज र विकल्प**

चुनाव खारेज गर्ने नीतिसँगै पार्टीले लगाएको पहिलो आरोप र अगाडी सारेको विकल्प के हो भने अहिलेको संविधानले नेपालको शान्ति प्रकृया र राष्ट्रिय स्वाधीनता तथा स्वतन्त्रताको प्रकृयालाई अधुरो छोडिदिएको छ, अझ स्पष्ट शब्दमा भन्दा नयाँ द्वन्द्वको बिउ रोप्दै देशलाई नव उपनिवेश बनाएको छ त्यसैले पहिलो विकल्प शान्ति प्रकृयाको पुन समीक्षा गर्दै राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको सुनिश्चिता गर्नु हो । दोस्रो र महत्वपूर्ण विकल्प वैज्ञानिक समाजवादी राज्य व्यवस्थाको हो, किनभने यो बाहेक वर्तमान सङ्कटग्रस्त संसदीय दलाल पुँजीवादी राज्यव्यवस्थाको अर्को विकल्प हुनै सक्दैन । तेस्रो, तत्काल जनसत्ताको विकल्प दिनु हो यद्यपि अहिले सबैले स्वीकार नगर्न सक्छन् तर पार्टीको सामु समानान्तर सत्ता अभ्यासको वैकल्पिक स्वतन्त्र बाटोमा हिड्नुको विकल्प छैन । तत्काल अप्रिय र चुनौतीपूर्ण भएपनि चुनाव खारेज अभियानले स्वाधीनता, शान्ति र समाजवादी वैकल्पिक राजनैतिक विचारधारालाई राम्रोसँग स्थापित गर्न सफल भएको छ ।

**ख) चुनाव खारेज र पार्टी कार्यदिशा**

चुनाव खारेज अभियानमा पार्टी देशव्यापी सकृयतापूर्वक खटेको छ, केन्द्रीय नेतासहित सयौं कार्यकर्ताले गिरफ्तारी दिएका छन्, कानुनी अनि मानवअधिकारको मोर्चाको सङ्घर्षलाई प्रभावकारी बनाउँदै लगेको छ । क्रान्तिको वलिदानीपूर्ण यात्रामा क्रान्तिकारी योद्धाको सहादत भएको छ । सङ्कटकाल सम्झाउने राज्य आतंक र दमनको डटेर सामाना गरिएको छ यसरी सिङ्गो पार्टी वर्गसङ्घर्षमा प्रवेश गरेको छ र यसको उत्कर्ष कर्णालीमा व्यक्त भएको छ । यद्यपि दोस्रो संविधानसभामा पनि कर्णालीमै व्यक्त भएको हो । आज सबै जिल्लामा चुनाव खारेज अभियान पुगेको छ । वास्तवमा देशभरि दशौं हजार कारवाहीहरू भएका छन् । न्यूनतम फोनदेखि अधिकतम बम हान्नेसम्मका कारवाही भएका छन् । हुन त बमको वास्ता नगरिरहेको बेला फोनको कारवाही हास्यास्पद लाग्न सक्छ तर यी सबै प्रतिक्रान्तिको विरुद्धका क्रान्तिकारी कारवाहीहरू हुन किनकि यहाँ के कस्ता कारवाही भए र कति मान्छे चुनावमा सहभागी भए भएनन् त्यति महत्वपूर्ण हुँदैन जति महत्वपूर्ण कुन विचारसहित यी काम कारवाही भए भन्ने हुन्छ किनकि जनतालाई बुझाएर नेतृत्व दिन सकिन्छ ।

अहिलेको योजनामा नेपाल कम्युनिस्ट पार्टीलाई तुरुन्तै झडपमा ल्याएर सिध्याउने वा यो केही पनि होइन भनेर सावित गर्ने शासक वर्गको रणनीतिलाई असफल पार्दै कार्यकर्ता र जनतालाई सङ्घर्षमा खार्दै परिपक्व बनाउँदै लगेको छ । किनकि पार्टीले नेपाली अधुरो क्रान्ति पूरा गर्न एकीकृत जनक्रान्तिको कार्यदिशा तय गरेको छ र त्यसलाई चुनावको खारेजी अभियान मार्फत व्यवहारिक रूप दिएको छ । यसरी पार्टीले आफूलाई राष्ट्रिय आत्मसमर्पणवाद, संसदवाद र प्रतिक्रान्तिका विरुद्ध राष्ट्रिय स्वाधीनता, क्रान्ति र समाजवादको पक्षमा खडा गरेको छ । पार्टीले अगाडि सारेको राजनैतिक विचार र क्रान्तिको नयाँ कार्यदिशाको सकारात्मक प्रभाव चौतर्फी विस्तार भएको छ । यो पार्टीको विचार कार्यदिशाको सफलता हो । यसरी नेपालमा एक सशक्त वैकल्पिक राजनैतिक शक्तिको उदय हुन पुगेको छ ।

**ग) चुनाव खारेज र सिमाहरू**

पार्टीको लक्ष्य र उद्देश्यप्रति र प्रश्न खडा गर्नु जत्तिकै खराब कुरा आत्मसन्तुष्टि लिनु पनि हो । त्यसैले योजनाको समीक्षा जरुरी हुन्छ । चुनाव खारेजको पार्टी योजना वर्गसङ्घर्षको निरन्तरताको योजना थियो । यो एकीकृत जनक्रान्तिको थालनी हैन कि तयारीको योजना थियो । यहि बुझाईको एकरूपतासहित पार्टीलाई सङ्घर्षको कार्ययोजनामा व्यक्त गर्न सकिएन यहाँनेर एकीकृत जनक्रान्तिको कार्ययोजना र दिर्घकालीन जनयुद्धको अनुभव विचको अन्तरविरोध देखियो परिणामतः परिणाममुखी काम भएन । शाषकले थवाङको विषयलाई लिएर पार्टीको नीति र नेतृत्वमाथि हमला गरे, त्यसको आवश्यक प्रतिवाद भएन । चुनाव खारेजीको पक्षमा देशव्यापी जनपरिचालन गर्न सकेनौं । त्यसैले नयाँ कार्यदिशाबारेको व्यवस्थित स्कुलको आवश्यक्ता रहेको स्पष्ट भयो । त्यस्तै पार्टीको राजनैतिक प्रभावलाई संगठनमा बदल्न नसक्नु, राष्ट्रिय प्रभाव र संगठनलाई स्थानीय र जनस्तरमा पुऱ्याउन नसक्नु अनि राजनैतिक प्रभाव र विद्यमान संगठनलाई सङ्घर्षमा व्यक्त गर्न नसक्नु जस्ता सिमा र समस्या पनि रहे ।

यो योजनामा औपचारिकता, उदासिनता, निस्कृयता र आत्मसुरक्षा जस्ता सिमा र समस्या पनि देखा परे । यदि नेपालको राजनैतिक सङ्कट जुन रूपमा छ त्यो रूपमा महशुस गरिएन र प्रतिक्रान्तिको चुनौती अनि क्रान्तिको अभिभाराको सघनता आत्मसात गरिएन र आत्मगत अवस्था बुझिएन भने असफलता हात लाग्छ त्यसकारण अहिलेको योजनाले चुनौती र दायित्वबोध गर्ने अवसर दिएको छ । यसबाट गम्भीर शिक्षा लिएर अगाडि जानुको विकल्प छैन किनकि पार्टीले आफ्नो योजना अझ प्रभावकारी ढंगले जनतामा लैजानु नै पर्छ ।

अन्तिममा, नेपाली राजनीतिको सङ्कट समाधान भैसकेको छैन, यो सङ्कट राजनैतिक प्रणाली र नेतृत्वको हो, दलाल पुँजीवादी राज्यले जति चुनाव गर्छ त्यति नै सङ्कटको समाधान दिएको वा भएको दाबी गर्दै जानेछ तर यही सङ्कटग्रस्त संसदीय राज्य प्रणाली र नेतृत्वको निरन्तरतामा विश्व साम्राज्यवाद हाम्रो देशलाई आफ्नो रणनैतिक क्रिडास्थल बनाउने उदेश्य पूरा गर्न लागिपर्नेछ । त्यसैले यही सत्यलाई पार्टीले चुनाव खारेज अभियान मार्फत् स्पष्ट पार्दै राष्ट्रिय जागरण तथा एकताको अपिल गरेको हो साथै, यो सङ्कटग्रस्त दलाल संसदीय राज्य व्यवस्थाको अन्त्य र राष्ट्रिय स्वाधीनता र समाजवादको स्थापना एकीकृत जनक्रान्तिबाट सम्भव भएको सत्यलाई पनि स्पष्ट गरेको छ ।

वर्ष ३, अङ्क १७, पूर्णाङ्क ११२
रातो खबर साप्ताहिक

# थाइरोइडबारे जानकारी



डा.अंशुमाली जोशी

**(क) थाइरोइड ग्रन्थी**
- यो ग्रन्थी घाँटीमा रुद्रघन्टीको तल हुन्छ।
- यसले दुईओटा हर्मोन T3 र T4 दिन्छ।
- थाइरोइड ग्रन्थीलाई अर्को ग्रन्थी पिट्युटरी (Pituitary) ग्रन्थीले नियन्त्रण गर्दछ।
- पिट्युटरी ग्रन्थीले TSH नामक हर्मोन दिन्छ। जसले थाइरोइड ग्रन्थीलाई T3 र T4 निकाल्नलाई प्रेरित गर्दछ।

**(ख) थाइरोइड रोग ३ किसिमका हुन्छन्**

(१) थाइरोइड ग्रन्थीले कम काम गर्ने रोग (Hypothyroidisn)
(२) थाइरोइड ग्रन्थीले धेरै काम गर्ने (Hypothyroidism)
(३) थाइरोइड ग्रन्थीको क्यान्सर (Thyroid Cancer)
(ग) थाइरोइड ग्रन्थीले कम काम गर्ने रोग (Hypothyroidism)
- यो रोगमा T3 र T4 कम हुन्छ र TSH बढ्दछ।

**(घ) रोगका लक्षणहरु**
- जाडो धेरै महशुस हुन्छ।
- शरिर सुन्निन सक्छ।
- छाला खस्रो हुन्छ।
- काम गर्न जाँगर लाग्दैन ॥
- कब्जियत हुनसक्छ।
- गलगाँड निस्कन सक्छ।
- तौल बढ्नु (केवल २-४ किलो)
- महिनाबारी गडबड हुनु।
- निःसन्तान हुनु
- टन्सिल बढ्नु, टन्सिल दुख्ने थाइरोइड रोगको कारणले हुँदैन।

**(ङ) किन (Hypothyroidism) को उपचार गर्ने ?**
- मानकसिक तथा शारिरीक तन्दुरुस्तीका लागि
- मुटु रोगबाट बच्नको लागि,
- जन्मने बच्चाको राम्रो स्वास्थ्यको लागि (बच्चाको दिमागको विकासको लागि थाइरोइड हर्मोन अपरिहार्य हुन्छ।)

**(च) Hypothyroidism को उपचार कसरी हुन्छ ?**
- बाहिरबाट थाइरोइड हर्मोन (Thyroxine) सेवन गर्नुपर्छ।
- यो शल्यक्रिया गर्नुपर्ने रोग होइन।
- औषधी सेवन गर्दा ३-६ महिनामा रगतको परीक्षण गर्नुपर्छ।

**(छ) थाइरोइड ग्रन्थीले धेरै काम गर्ने रोग Hypothyroidism**
- यो रोगमा T3 र T4 बढ्छ र THS कम हुन्छ।

**(ज) लक्षणहरु**
- तौल कम हुँदै जानु
- गर्मी धेरै लाग्नु
- पसिना धेरै आउनु
- मुटु धेरै धक धक हुनु
- दिशा धेरै पटक लाग्नु
- हात गोडा काम्नु
- सास फुल्नु
- निद्रा नलाग्नु, बेचैनी धेरै हुनु
- गलगाँड निस्कनु
- आँखा ठूलो हुँदै जानु

**(झ) Hypothyroidism कति किसिमका हुन्छन् ?**

मुख्य २ किसिमका हुन्छन् -
(१) Graves disease
(२) Thyroiditis
- यी दुई विल्कुल फरक रोग हुन् र उपचार पनि फरक छन्।
- Graves disease अलिकति फरक रोग हो भने Thyroiditis आफै निको हुने रोग हो।

**(झ) Graves disease कसरी पत्ता लाग्छ ?**
- रगतमा T4 र THS हर्मोन जाँच गरेमा Hypothyroidism पत्ता लाग्छ।
- यो अवस्थामा T4 बढ्छ र THS कम हुन्छ। तर Graves disease नै हो भनेर यकिन साथ भन्नको लागि एक किसिमको टेष्ट Thyroid Uptake Scan गर्नुपर्छ।

**(ञ) Graves disease को उपचार कसरी हुन्छ ?**

(१) औषधीबाट कम्तीमा पनि १२-१८ महिना औषधी खानुपर्ने हुन्छ। तर औषधी बन्द गरेपछि ५०-६० मा फेरि यो रोग फर्किन्छ।
(२) यदि गलगाँड ठूलो छ भने शल्यक्रियाबाट उपचार गर्न सकिन्छ।
(३) Radioactive lodine एक किसिमको औषधी हो। जसको सेवन गर्दा यो रोग पूर्णतया निमूल हुन्छ।

**(ट) थाइरोइड रोग कसरी लाग्छ ?**
- थाइरोइड रोग खानपिनको गडबडीमा अथवा व्यायामको कमीले हुने रोग होइन।
- बन्दा, काउली धेरै खाएर लाग्ने रोग पनि होइन।
- यो एक किसिमको Auto-immune रोग हो अर्थात् शरिरको प्रतिरोधात्मक शक्ति शरिरकै अंगप्रति लक्षित हुने अवस्था हो।
- Thyroiditis थाइरोइड ग्रन्थीको भाइरल इन्फेक्सनले हुन्छ।

# गौरी लङ्केशको हत्या गरिए पनि उनको आवाज मर्ने छैन : तन्मोय इब्राहिम




*गौरी लङ्केशको नृशंस हत्याले खास विचारधाराप्रति आलोचनात्मक धारणा राख्नेहरुको मुख बन्द गराउन जेसुकै पनि गर्न तयार रहेको फासिवादी शक्ति मुलुकमा क्रियाशील छ भन्ने कुरा एकपल्ट फेरि प्रमाणित भएको छ ।*

सत्ता विरोधी जुझारु पत्रकार तथा सामाजिक कार्यकर्ता गौरी लङ्केशको ५ सेप्टेम्बरको साँझ बेङ्लुर स्थित उनको घरअगाडि गोली हानी हत्या गरियो। उनलाई ताकेर सातओटा गोली हानिएको थियो, जसमा ३ ओटा गोली उनको छातीमा लागेर तत्कालै उनको मुत्यु भएको थियो। हत्याराले उनलाई एकदमै नजिकबाट गोली हानेको थियो र उनको हत्याको चरित्र वर्तमान फासिवादी हिन्दूवता विचारधाराको आलोचना गरेको विरोधमा अगस्त २०१३ देखि अगस्त २०१५ सम्म हत्या गरिएका नरेन्द्र दबोल्कर, गोविन्द पन्सारे, एम.एम कलबर्गीको हत्यासित मिल्दोजुल्दो थियो।

गौरी लङ्केश सत्ताद्वारा पालिएका गुन्डाहरू, भरौटेहरू तथा सत्ताधारीहरूका मतियार सामाजिक सञ्जाल प्रयोग कर्ताको निसानामा थिइन्। मोदी सरकारका भक्तहरूले सत्ताको आलोचना गर्नेहरू जोसुकैमाथि लगाउने गरेका “राष्ट्र विरोधी”, “विदेशी एजेन्ट” “माओवादी” आदिआदि फत्तुरहरू उनीमाथि पनि लगाएका थिए। हिन्दूवादीहरूका आफू विरोधीहरूमाथि लगाउने हरेक किसिमका फत्तुर, विषवमन र लाञ्छनाले उनलाई गलाउन सकेन। गौरी लङ्केशले हरेक बाधाव्यवधानका विरुद्ध लड्दै आफ्नो ट्याबल्वायड पत्रिका ‘लङ्केश पत्रिके’ मार्फत भारतीय लोकतन्त्रको कुरूप अनुहार र साम्प्रदायिक फासिवादी सत्ताका करतुतहरूको भण्डाफोर गर्दै अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाइरहिन्।

गौरी लङ्केशले गत वर्ष नोभेम्बरमा कर्नाटकको भाजपा नेताको आर्थिक भ्रष्टाचारका विरूद्ध समाचार प्रकाशित गरेवापत भाजपा नेताद्वारा दायर मानहानीको मुद्दामा अदालतले उनलाई दोषी ठहर्याएको थियो, निडरताका साथ नामै किटेर भ्रष्टाचारको समाचार बाहिर ल्याउने उनी एक्ली पत्रकार थिइन्। अदालतले उनलाई दोषी प्रमाणित गर्न खोजे पनि उनी जमानतमा रिहा भएकी थिइन् र यसका विरुद्ध मुद्दा लड्ने निधो गरेकी थिइन। उनीहरूले जति अपमान र धम्की दिए पनि उनी अलिकति पनि निरास नभई निरन्तर आफ्नो अभियानमा लागिन्।

पत्रकारिताको माध्यमबाट सत्य बोलेवापत बिनामुद्दा र सुनवाई एकतर्फी किसिमले दोषी प्रमाणित गर्ने अदालतको निर्णयले मोदी सरकारका लाउकेहरूलाई हर्षित तुल्यायो र हिन्दूवता क्याम्पका हर्ताकर्ता अमित मालवियले खुसी प्रकट गर्दै गौरी लङ्केशका विरुद्ध विष वमन गर्दै अदालतको निर्णयले अरूलाई पनि हिन्दूवताका विरोधका नाममा जथाभावी नलेख्न शिक्षा दिएको भनेर सामाजिक सञ्जालमार्फत खुसी व्यक्त गरेका थिए। मालवीय र उनको जत्था नाङ्गो किसिमले अगाडि आएको थियो। विजेपी संसद्ले पनि मानहानीको मुद्दामा गौरी लङ्केशलाई दोषी घोषित गर्ने निर्णयको स्वागत गर्दै सार्वजनिक रूपमा धम्की दिएका थिए।

वायर पत्रिकासित कुरा गर्दै उनले भारतीय लोकतन्त्रमा फरक मतका लागि अलिकति पनि ठाउँ नभएको भनेर अशन्तुष्टि जाहेर गरेकी थिइन्। कतिपय अन्तर्वार्ता र लेखहरूमा उनले कसरी मोदी सत्तामा अभिव्यक्ति स्वतन्त्रता र धर्मनिरपेक्षतामाथि धावा बोलिएको छ भन्ने कुरा कर्नाटकका घटनाहरूले प्रस्ट पार्दछन् भनेर पनि खुलस्त पारेकी थिइन्।

गत साल न्युजलन्ड्रीलाई दिएको एउटा अन्तर्वार्तामा गौरी लङ्केशले सरकार तथा ठूला विज्ञापन एजेन्सीबाट विज्ञापन नलिने आफनो सानो पत्रिकाबाट विजेपी र हिन्दूवादी क्याम्प आतङ्कित भएर आफ्नो मुख बन्द गर्न खोजे पनि आफू चुप लागेर नबस्ने भनेर चुनौतीपूर्ण अभिव्यक्ति दिएकी थिइन् :

“वर्तमान कर्नाटकमा हामी यस्तो समयमा बाँचिरहेका छौं, जसमा मोदी भक्तहरू र हिन्दूवादी ब्रिगेड, उनीहरूका फासिवादी विचार, उनीहरूको पार्टी र सुप्रिम कमान्ड नरेन्द्र मोदीको विरोध गर्ने मान्छेहरूको हत्यालाई शुभअवसर मानिरहेका छन् (जस्तो डाक्टर एम।एम कलबर्गीको सम्बन्धमा भयो) र मान्छे मारेर उनीहरू उत्सव मनाइरहेका छन् (जस्तो डाक्टर यु. आर. अनन्तमुर्तिका सम्बन्धमा भयो)। म यस्ता मान्छेका नाम दिनसक्छु, र म तपाईलाई विश्वासका साथ भन्छु, के गरेर हुन्छ, उनीहरू मेरो हत्या गर्न खोजिरहेका छन्।”

गौरी लङ्केशको नृशंस हत्याले खास विचारधाराप्रति आलोचनात्मक धारणा राख्नेहरूको मुख बन्द गराउन जेसुकै पनि गर्न तयार रहेको फासिवादी शक्ति मुलुकमा क्रियाशील छ भन्ने कुरा एकपल्ट फेरि प्रमाणित भएको छ। अचम्मको कुरा के छ भने यो हत्याको भर्त्सना गर्नेमा सबैभन्दा पहिले आरएसएस देखापर्यो, सम्भवतः उसले यो घटनामा आफ्नो हात छैन भन्दै भ्रम दिनका लागि यसो गरेको हुनसक्छ। तर सत्य प्रस्ट छ। प्रहरीले यो घटनाको छानबिन चलिरहेको भनेको छ र अघिअघिका कतिपय घटनाजस्तै यो मुद्दा पनि वर्षौंसम्म मुल्तबीमा रहने छ, अथवा यसको समग्र सत्यतथ्यलाई सम्पतिसम्बन्धी विवादसित गाँसेर अर्कै रूप दिइनेछ।

गत वर्ष कर्नाटक सरकारले दबोल्कर, पन्सारे र कलबर्गीको हत्याको प्रमाण पत्ता लाग्यो र हामी यो मुद्धाको तहकिकातको नजिकै पुगेका छौं भनेर घोषणा गरेको थियो। परन्तु, कर्नाटक र विजेपी शासित महाराष्ट्रका यी हत्या घटनाहरूको छिनोफानो गर्न सरकारले अहिलेसम्म सकिरहेको छैन र घटनालाई अर्कै मोड दिन नयाँनयाँ कथाको जालो बुनिरहेको छ।

गौरी लङ्केश नाम चलेकी पत्रकार थिइन्। अहिले काङ्ग्रेस शासित केही राज्यहरूमध्ये एउटा राज्य कर्नाटकको राज्य सरकारले हत्यारा पत्ता लगाउन भनेर केही समय गतिविधि देखाउला, तर उससबाट कुनै सही अनुसन्धान होला भनेर आशा गर्ने ठाउँ छैन। काङ्ग्रेस यो मुद्दा छिटै सल्टाउने स्थितिमा पनि छैन। किन भने राज्यसभाको निर्वाचन छिटे हुँदैछ र काङ्ग्रेस पनि उसका समर्थक हिन्दू मतदातालाई बिच्क्याउन चाहँदैन। यस अर्थमा फासिवादी हुल्लडबाजहरू ‘बजरङ्ग दल’ र ‘श्री राम सेने’ को निर्वाध प्रयास अघि बढिरहनेछ।


वास्तवमा कर्नाटकको काङ्ग्रेस सरकारले राज्यमा हिन्दूवता क्याम्पलाई फस्टाउन वातावरण दिएको छ र प्रहरी फोर्सले ती छाडा गुन्डाहरूलाई मन परी गर्न छुट दिएको छ। भारतको पहिलो आइटी क्रान्तिको सहर भनेर गर्व गर्ने सहरमा मान्छेछेहरू, कन्नड र गैरकन्नड, धर्म, जात र सम्प्रदायमा विभाजित गरिएका छन्। यहाँ आइटी क्षेत्रमा भएको प्रगतिलाई सत्ताधारीहरू देशको प्रगतिसित जोडिरहेका छन्, तर बेङ्लुर, मैसुर, मङ्लोर जस्ता ठाउँहरूमा आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न केही शक्तिहरू साम्प्रदायिक विभाजनमार्फत मान्छेलाई भड्काए मुलुकलाई अन्धकार युगतर्फ धकेलिरहेका छन्।

गौरी लङ्केशले दृढ इच्छाशक्ति र सामर्थ्यका साथ यो सत्यलाई अगाडि राखेर सत्ताधारीहरूको भण्डाफोर र आलोचना गरेपछि विरोधको आवाज सुन्न नचाहनेहरूले जनतालाई सत्यतथ्य बोध गराउनेहरूको आवाजलाई दबाउन कुनै पनि किसिमको हत्या गर्न सक्छन् भन्ने कुरा उनले बुझेकी थिइन्। वास्तवमा कुनै पनि बेला उनको हत्या हुन सक्छ भन्ने कुराप्रति उनी अनभिज्ञ थिइनन्। आफ्नो जीवन नै गुमाउनु पर्ने धम्की आउँदा पनि गौरी लङ्केश हतोत्साहित भएर आफ्नो विश्वास, सिद्धान्त र लक्षबाट विमुख भइनन्। पेस्तोलका तीनओटा गोलीले उनको मुटुलाई क्षतविक्षत पार्न र सास बन्द गर्न सक्लान्, तर सत्यसित सम्बद्ध गौरी लङ्केशको आवाज, उनका शब्दहरू बाँचिरहने छन्, झूठ र आतङ्कले तिनलाई ढाकछोप गर्न सक्ने छैनन्।

सत्ताधारीहरूको आवज लैजाने, धनाढ्य मालिक र कर्पोरेटहरूको स्वार्थमा चल्ने र विरोधको स्वरलाई सेन्सरसिप गर्न गराउन वाध्य पारिने एक थरी पत्रकारहरू र पत्रिकारिताबीच गौरी लङ्केश जस्ती निर्भीक र जुधारु पत्रकार जनताको आवाज बनेर बाँच्नेछिन्, प्रेरणा र विश्वासको चम्किलो तारा बन्नेछिन्। ती जो अहिले पनि सत्ताको दमन र धाकधम्कीका सामु नझुकी सत्यतथ्य लेखिरहेका छन, तिनका लागि गौरी लङ्केस विश्वासको आधार बनेकी छन्। बाँचेको बेलामा पनि र मरेपछि पनि, आउँदा दिनहरूमा पनि गौरी लङ्केस लाखौं इमानदार पत्रकार हरूका लागि प्रेरणाको स्रोत बनिरहने छिन्।

*(पिपुल्स रिभ्युबाट, अनु : ऋषिराज बराल)*

**स्रोत : इरातो खबर डटकम**



# चीन–अफ्रिका सम्बन्ध : नयाँ रणनीतिक साझेदारीतर्फ

*शितयुद्धको अन्त्यसँगै चीन फेरि अफ्रिकातिर फर्क्यो । चीनले सम्बन्धको आर्थिक पक्षतिर जोड दिएको प्रष्ट छ । त्यसपश्चात् चीन-अफ्रिकाबीचको ब्यापार बढ्न थाल्यो र चीनको अफ्रिकामा लगानी पनि बढ्यो । सन् १९८० को दशकदेखि चीनले अफ्रिकामा लगानी गर्न थाल्यो ।*



शीतयुद्धको अन्त्यसँगसँगै चीन र अफ्रिकाबीचको सम्बन्धले फड्को मार्‍यो । ६ दशकको अन्तरालमा यो ऐतिहासिक मित्रताले थप उचाई हासिल गर्‍यो । सन् २००६ मा पेइचिङमा सम्पन्न चीन-अफ्रिका सहयोग सम्मेलनमा राष्ट्रपति हु जिन्ताओले चिनियाँ तथा अफ्रिकी जनताका आधारभूत आवश्यकता परिपूर्तिमा मात्र मित्रतालाई सीमित नराखी नयाँ किसिमको रणनैतिक साझेदारको रुपमा दुई देशलाई प्रस्तुत गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

चीन र अफ्रिकाबीच आर्थिक तथा साँस्कृतिक आदानप्रदानको इतिहास शताब्दीऔं पुरानो हो भने आधुनिक सम्बन्धको सुरुवात सन् १९५६ मा इजिप्टसँग कुटनीतिक सम्बन्ध स्थापनाबाट भयो । त्यसबेलादेखि चीन-अफ्रिका हरेक समय असल एवम् भरपर्दो मित्रको रुपमा परिचित छन् । अफ्रिकी महादेशका ५४ वटा देशमध्ये ५१ वटा देशले चीनसँग दौत्य सम्बन्ध स्थापना गरिसकेका छन् । दक्षिण सुडान सन् २०११ मा चीनसँग दौत्य सम्बन्ध जोडेर सबभन्दा कान्छो देश बन्यो । अन्तर्राष्ट्रिय प्रश्नमा पनि चीन र अफ्रिका साझा अवधारणा बोकेर अगाडि बढिरहेका छन् भने आपसी हित तथा सहयोगमा पनि त्यतिकै संवेदनशील छन् । उच्चस्तरीय भ्रमणको आदानप्रदानले आपसी विश्वास झन् बलियो बनाएको प्रष्ट छ । राजनीतिक सम्बन्धका साथै आर्थिक सम्बन्ध पनि दिन प्रतिदिन बलियो बन्दै गइरहेको छ । चीन अफ्रिकाबीच सन् १९९० मा १ करोड २० लाख अमेरिकी डलर बराबरको व्यापार भयो । सन् १९५५ मा ३४.७४ मिलियन डलर र सन् १९६५ मा २५० मिलियन डलर पुग्यो । सन् १९७० को दशकको अन्त्यतिरदेखि चीनले अफ्रिकाका मैत्रीपूर्ण सहयोगलाई विशेष महत्व दिन थालेको थियो । तत्पश्चात हरेक वर्ष चीन-अफ्रिकाबीचको ब्यापारमा सालाखाला वार्षिक ३.६ प्रतिशत वृद्धि हुँदै गयो । वृद्धि हुने क्रम जारी छ । चीनसँग वार्षिक १ अरब डलर बराबरको ब्यापार गर्ने अफ्रिकी मुलुकहरुको सन् २००८ मा सङ्ख्या २० पुग्यो ।

विगत ६ दशकमा साँस्कृतिक आदानप्रदान पनि तीव्र बन्यो । जसले आपसी सहयोग एवम् मित्रतालाई झन विकसित बनायो । सयौंको संख्यामा साँस्कृतिक आदानप्रदानका गतिविधि, भ्रमण आदि हरेक वर्ष हुँदै आइरहेका छन् ।

विगत ६ दशकमा चीन-अफ्रिकाबीचको सम्बन्धको विकासलाई तीन चरणमा बाँड्न सकिन्छ । सन् १९५० को दशकदेखि १९७० को दशकको अन्त्यतिरलाई पहिलो चरण मान्न सकिन्छ । यस अवधिमा भर्खरै प्राप्त स्वतन्त्रताका कारण दुवैले राजनीतिक सम्बन्धको विकासमा जोड दिए । दुई पक्षीय सम्बन्धको मुख्य उद्देश्य आपसी राजनीतिक समर्थन थियो र त्यो उपनिवेशवादविरोधी र साम्राज्यवादविरोधी भावनामा आधारित थियो । तीनले जाम्बियालाई राजनीतिक तथा सैनिक सहयोग दिनुबाहेक ताजारा ९त्बशबचब० नामक रेलवे लाईन निर्माण गरी आत्मनिर्भरतातर्फ अगाडि बढ्न टेवा पुर्‍यायो । ताजारा रेल्वेले जाम्बियालाई तान्जानियासँग जोड्छ जुन एउटा महत्वपूर्ण ब्यापारिक मार्ग बन्यो ।

दोस्रो चरण सन् १९८० को दशकमा सुरु भयो । सन् १९७० को दशकको अन्त्यतिर खुलापन तथा सुधारको नीति अवलम्बन गरिएपछि चीनले पुँजीको पर्याप्तता र विकाससम्बन्धी अनुभव हासिल गर्न औद्योगिकरुपमा चाओ चयाङ्गले सन् १९८२ को डिसेम्बरमा एघार वटा अफ्रिकी मुलुकसँग लगातार कूटनीतिक भेटघाट तथा छलफल चलाउनुभयो । ती गतिविधिले अफ्रिकासँग चिनियाँ सहकार्यका ‘चार सिद्धान्त’ (समानता तथा आपसी हित, ब्यवहारिक परिणाममा जोड, रुपमा विविधता र आर्थिक विकास) लाई बढावा दियो ।

शितयुद्धको अन्त्यसँगै चीन फेरि अफ्रिकातिर फर्क्यो । चीनले सम्बन्धको आर्थिक पक्षतिर जोड दिएको प्रष्ट छ । त्यसपश्चात् चीन-अफ्रिकाबीचको ब्यापार बढ्न थाल्यो र चीनको अफ्रिकामा लगानी पनि बढ्यो । सन् १९८० को दशकदेखि चीनले अफ्रिकामा लगानी गर्न थाल्यो । सुरुमा चिनियाँ ब्यापार राज्य संचालित सहयोग आयोजनामा आश्रित थियो र स्थानीय बजारमा उपस्थिति देखाउन उपयुक्त पनि थियो । सुरुका लगानी आयोजना स-साना थिए किनभने चिनियाँ लगानीकर्ताको क्षमता कम थियो । सन् १९७९ देखि १९९० को बीचमा चीनले अफ्रिकामा १०२ वटा आयोजनामा ५१.१९ मिलियन डलरको लगानी गर्‍यो । सन् १९९० को दशकमा चिनियाँ लगानी झन् वृहत् बन्यो र चिनियाँ ब्यापार सुरु भयो । सन् २००० देखि अफ्रिकामा चिनियाँ लगानीको निम्ति सरकारी नीति र बजार स्वयम्ले घच्घच्यायो । विगत ३० वर्षभित्र चीनले अफ्रिकामा उल्लेख्य मात्रामा लगानी गरिसकेको छ । चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार चीनले अफ्रिकामा सन् २०१० मा २.१ अरब डलरको लगानी गर्‍यो । चिनियाँ व्यवसायी तथा लगानीकर्ताहरुको निम्ति अफ्रिका एउटा प्रमुख गन्तव्यस्थल सामग्री उत्पादन, सूचना-प्रविधि तथा यातायातजस्ता क्षेत्रमा लगानी गरेका छन् । एसिया र युरोपपछि अफ्रिका चिनियाँ लगानी भित्र्याउने दोस्रो ठूलो क्षेत्र हो ।

चीन-अफ्रिकाबीचको सम्बन्ध विशेष गरी राजनीतिक, साँस्कृतिक तथा आर्थिक हिसाबले क्रमशः उन्नत बन्दै गइरहेको छ । विगत ६ दशकमा असन्तुलनबाट सन्तुलनतर्फ अगाडि बढ्यो । सम्बन्धका तीनै चरणमा राजनीतिक सम्बन्ध राम्रै रह्यो, तेस्रो चरणमा आर्थिक सम्बन्धले राम्रो गति लियो भने आर्थिक सहकार्यपश्चात् साँस्कृतिक सम्बन्ध केही ओझेलमा पर्‍यो ।

चीनले २१ औं शताब्दीमा आएर अफ्रिका नीतिलाई अझ अद्यावधिक गरेको छ । अफ्रिका नीतिका चार मार्गदर्शक सिद्धान्तका आधारमा चीन अफ्रिकाको सम्बन्धले थप गति प्राप्त गरेको छ । चीनले अफ्रिकामा विशेष गरी पूर्वाधार निर्माणमा लगानी गरिरहेको छ ।

प्राय पश्चिमा विश्लेषकहरु चीनले अफ्रिकामा लगानी बढाउनु पछाडि प्राकृतिक स्रोत हो र प्राकृतिक स्रोतमा सम्पन्न देशमा मात्र चीनले लगानी गर्ने कुरामा विश्वास गर्दछन् । वास्तवमा ४९ वटा अफ्रिकी देशमा चिनियाँ लगानी पुगेको छ । सन् २०१० मा बढी चिनियाँ लगानी भित्र्याउने प्रथम १० देशहरुमा दक्षिण अफ्रिका (३१.८ प्रतिशत), नाइजेरिया (९.३) जाम्बिया (७.२), अल्जेरिया (७.२), कंगो (४.८), सुडान (४.७), नाइजेरिया (२.९), इथियोपिया (२.८), अंगोला (२.७) र इजिप्ट (२.६) पर्दछन् ।

चीनले कृषि, खानी, निर्माण, सेवा, पूर्वाधार, क्षमता अभिवृद्धि र मानव संशाधनजस्ता क्षेत्रमा लगानी गरेको छ । एक प्रतिवेदनका अनुसार सन् १९६९ देखि २००० सम्मको अवधिमा चिनियाँ लगानीको ४६ प्रतिशत निर्माणमा, १५ प्रतिशत लत्ताकपडा उद्योगमा, २८ प्रतिशत खानीमा र ७ प्रतिशत कृषिमा परेको छ । सन् २०१० मा संयुक्तराज्य अमेरिकाको अफ्रिकामा भएको लगानीको ५६.६ प्रतिशत खानी क्षेत्र, ३० प्रतिशतभन्दा बढी सेवा क्षेत्र र १० प्रतिशत भन्दा कम निर्माण कार्य र कृषि क्षेत्रमा परेको थियो ।

चीनले अफ्रिकासँगको सम्बन्ध अझ प्रगाढ बनाउन विभिन्न दबुहरुको निर्माण तथा सदुपयोग गर्दै अइरहेको छ । बहुपक्षीय संगठनहरु, संयुक्त राष्ट्र सङ्घ, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैङ्क र जी-२० जस्ता संस्था तथा संगठनहरुसँग मिलेर चीनले अफ्रिकासँग सहकार्य गर्दै आइरहेको छ । दक्षिण-दक्षिण सहयोग संगठन, जी-७, चीन असंलग्न आन्दोलन र ब्रिक्समार्फत् पनि चीनले अफ्रिकासँग सहयोगी हात बढाइरहेको छ । ब्रिक्समा दक्षिण अफ्रिकालाई गरिएको आमन्त्रण र ब्रिक्स विकास बैंक स्थापनाको निम्ति गरिएको छलफलले चीन-अफ्रिकाबीचको सुमधुर सम्बन्ध प्रकट गर्दछ ।

धेरै विद्वानहरुले चीन अफ्रिकाबीचको सम्बन्धमा प्रगति हुँदै जानु पछाडि चीनको समान व्यवहार, अहस्तक्षेपको सिद्धान्त र सर्तरहित सहयोग प्रमुख कारणको रुपमा रहेको विश्लेषण गर्दछन् ।

चीन अफ्रिका सम्बन्धको प्रगतिको सबभन्दा महत्वपूर्ण पक्ष भनेको एक आयाम बाट बहुआयामिक सम्बन्ध हो यो प्रगतिले वर्तमान संक्रमणको सहजीकरण गर्दछ र दीगो विकासको निम्ति अत्यन्तै महत्वपूर्ण छ । संक्रमणका तीन पक्ष छन् । पहिलो, चीन-अफ्रिका सम्बन्ध हिजो भावनात्मक तथा विचारधारात्मक निकटतामा आधारित थियो भने आज आर्थिक लाभमा आधारित बनेको छ । ऐतिहासिक भावनात्मक तथा विचारधारात्मक निकटता विभिन्न फेरबदलका कारण खस्कँदै गइरहेको छ । राष्ट्रिय स्वतन्त्रता आन्दोलनबारे चिनयाँ नेताहरुसँग अनुभव आदानप्रदान गर्ने पुरानो पुस्ताका नेताहरुको देहवसान हुनु, पश्चिमा शिक्षा प्राप्त नयाँ नेताहरुको वृद्धि, जनताहरुबीचमा सघन आदान-प्रदान जसको सकारात्मक तथा नकारात्मक प्रभाव दुवै देशका जनताको बुझाइमा पर्दछ आदि कारण त्यसको निम्ति मूख्यतः जिम्मेवार छन् । आपसी सम्बन्धको मापकको रुपमा आर्थिक सूचकहरु अगाडि देखिएका छन् ।

दोस्रो आर्थिक लाभको प्रवर्द्धनबाट आर्थिक लाभको संरक्षण आज प्राथमिक विषय बनेको छ । युद्ध र द्वन्द्व घट्दै गए पनि अफ्रिकी महादेशमा अन्तर्राष्ट्रिय लगानी, ब्यापार, मानवीय सहयोगको निम्ति अवरोधहरु कायमै छन् । ‘अरब वसन्त’ को विष्फोटनले समुद्रपारीको चिनियाँ आर्थिक हीतको रक्षा र चिनियाँ नागरिकहरुको संरक्षणको महत्वलाई प्रष्ट्याइदियो । चिनियाँ विदेश नीति र चिनियाँ अफ्रिका नीतिको विशेष प्राथमिकता समुद्रपारीका आफ्ना नागरिकको सुरक्षा र आर्थिक हितको संरक्षणमा परेको छ ।


अरु केही वर्षपछि या केही दशकपछि चीन-अफ्रिका सम्बन्धमा तेस्रो संक्रमण देखा पर्नेछ । यो संक्रमण असंगतिपूर्णबाट संगतिपूर्ण पारस्परिक निर्भरतातर्फको परिवर्तन सावित हुनुपर्छ, विद्यमान चीन-अफ्रिका सम्बन्ध असंगतिपूर्ण छ । कारण, चीन प्राकृतिक स्रोतमा अफ्रिकाप्रति अत्यन्तै निर्भर छ र अफ्रिका अवसरहरुको निम्ति चीनप्रति अत्यन्तै निर्भर छ । चीनको आर्थिक वृद्धि सुस्ताएको बेलामासमेत अफ्रिका उकालो लाग्यो । २१ औं शताब्दीको पहिलो दशकमा ६ अफ्रिकी मुलुक सबभन्दा बढी द्रुत आर्थिक प्रगति गर्ने मुलुकभित्र पर्न सफल भए र सन् २०११ देखि २०१५ मा सबभन्दा द्रुत आर्थिक विकास गर्ने १० मुलुकभित्र ७ वटा अफ्रिकी देश देखिए । अफ्रिका आज उदाउँदो शक्तिको रुपमा प्रस्तुत छ र युरोपियन युनियन, जापान, भारत, दक्षिण कोरिया, टर्की आदि देशहरुसँगको सम्बन्ध तथा सहकार्य पनि अगाडि बढ्दैछ ।

चीन-अफ्रिकाबीचको भावनात्मक निकटतालाई अझ अगाडि बढाउन अफ्रिकालाई विकास सहयोग प्रदान गर्ने, कडा र नरम पूर्वाधार निर्माणमा सहायता दिने कार्यमा चीन अग्रसरता देखाउँदैछ । चीनले समुद्रपारीको अधिकार र हितलाई संरक्षण दिन सुरक्षालाई अझ बढी महत्व दिइरहेको छ । शान्ति र सुरक्षाको निम्ति अफ्रिकी युनियन र अफ्रिकी देशहरुसँगको सहकार्यलाई अझ दरियो बनाइने, अफ्रिकामा शान्ति कायम गर्ने उद्देश्य हासिल गर्न आर्थिक रुपमासमेत सहयोग गर्न घोषणा गरियो ।

चीनले प्राकृतिक स्रोतको खोजी कार्यको निम्तिभन्दा दीगो विकासमा सहयोग पुर्‍याउनेतर्फ ध्यान केन्द्रीत गर्दैछ । राष्ट्रपति हु जिन्ताओले पनि अफ्रिकालाई क्षमता अभिवृद्धि गरी समग्र विकास गर्नको निम्ति सहयोग गर्ने घोषणा गर्नुभएको कुरा यहाँ स्मरणीय छ ।







समालोचना

# भारतीय लोकतन्त्रको असली अनुहार ‘दाना’



– शोभा दुलाल

*कसैले पहाडको छाती चिरेर*
*बिरामी जहानको समयमै*
*उपचार गर्न नसकेपछि*
*विवश भएर*
*चुचुरोबाटै गोरेटो बनायो*
*त्यो उही दशरथ माझी थियो ।*
*अर्कोले*
*जहानको सबै ऋण चुक्ता गऱ्यो*
*के थाहा कति टाढाबाट*
*काँधमा उसको लास उठायो*
*दाना माझी*
*कैयौँ कोस पैदलै हिँड्यो ।*
*यो समाजमा सधैँ*
*पत्नीधर्मको मात्र कुरा हुन्छ*
*पुरुषप्रधान यो समाजमा*
*पतिधर्म निर्वाह गर्ने*
*दशरथ र दाना पनि त हुन्छन् ।*

मार्क्सवादी स्रष्टा खेम थपलियाद्वारा लिखित नाटक ‘दाना’ भित्र निकै महत्वका साथ प्रस्तुत गरिएको कवितांश हो यो । यसमा पतिधर्मको मात्र कुरा गर्ने समाजलाई पत्नीधर्मको ऐना देखाउने कोसिस गरिएको छ। दाना माझी र दशरथ माझीसित सम्बन्धित दुवै घटनालाई संसारका करोडौं पतिधर्मी नारीको तुलनामा शायद अपवादमै लिन सकिन्छ । जसले आफ्ना मृतपत्नीहरूको विषयमा सोचेर एउटाले अरूका पत्नी त्यस्तै उपचार नपाएर नमरून् भनेर पहाड पन्छाउँदै बाटो बनायो भने अर्कोले आफ्नै काँधमा पत्नीको मृत शरीरलाई बोकेर १२ किलोमिटरको दुरी पार गऱ्यो । यहाँ पत्नीको ऋण चुक्ता गऱ्यो भनिएको छ, सायद यो कुरा सही नै हुन सक्छ। जब उनकी श्रीमती अमाङ देई जिउँदो थिइन्, तब दानाले सम्झन्थे होलान्, अमाङप्रति उनले ऋण लगाइरहेका छन्, जब अमाङ लास भइन् तब दानाले आफूले ऋण चुक्ता गरेको सम्झे ।

पहिलो दृश्यमा लेखकले दाना माझी र उनकी श्रीमती अमाङ देईलाई एउटा मजदुरको रूपमा देखाएका छन् । जहाँ टन्टलापुर घाममा काम गर्दैगर्दा अमाङ देईको औंलामा चोट लाग्न पुग्छ । तत्पश्चात् दानाले उनलाई मायाले काम नगर, घर जाऊ, फुटेको औंलाले कसरी काम गर्छौ भनेर सम्झाउँछन् । मालिकसँग श्रीमतीलाई घर पठाउन हात जोडेर अनुरोध गर्दछन् तर उनको कुरा नसुनेरै मालिकले काम छोडेर नजान आदेश दिन्छन् । श्रीमतीको छुट्टी मागेको दानालाई लतार्दै काम छोडेर गएमा कामको पैसा नदिने र भोलिबाट काममा नआउन आदेश दिने मालिकका कारण अमाङ देई घाइते अवस्थामै काम गर्न बाध्य हुन्छिन् । यहाँ गरिब मजदुरको अवस्थाको राम्रो चित्रण गरिएको छ ।

दृश्य दुईमा लेखकले दाना माझीको घर-परिवारको दृश्यलाई देखाएका छन्, जसमा दानाका छोरीहरू चौला, सोनाई र पामेलासमेत हुन्छन् । उनकी पत्नी अमाङ देई भने निरन्तर खोकिरहन्छिन् । त्यो दानाका लागि निकै पीडादायक हुन्छ, जसले गर्दा उनी आफ्नी श्रीमतीलाई आज नै अस्पताल जानुपर्छ भन्छन् तर अमाङ देई आजै जाने र ? भनी प्रश्न गर्छिन् । दानाले अहँ हुन्न, एकपटक राम्ररी जँचाएर औषधी खानुपर्छ भनेपछि अमाङ देई त्यो कुरामा सहमत हुँदै पछ्यौरा, अस्पतालको कागज सबै बोकेर छोरी चौलालाई लिएर पाँच प्रतिशत ब्याज तिरेर साहुकहाँबाट निकालेको दुईहजार लिएर उनीहरू अस्पताल पुग्छन् । यो दृश्यमा दानाको पारिवारिक जीवनको फुटेज प्रस्तुत गरिएको छ ।

दृश्य तीनमा उनीहरू अस्पताल परिसरमा पुगेको कुरा देखाइएको छ । अमाङ देईलाई डाक्टरले एक्सरे गर्न भन्छन् । त्यसको रिपोर्ट देखेर डाक्टरले ‘इट्स ड्यामेज ...’ भन्छन् । सोही समयमा अमाङ देईलाई रोगले च्याप्छ । डाक्टरले उनलाई आकस्मिक कक्षमा भर्ना गरेर उपचार गर्छन् । दाना र उनकी छोरी छटपटाइरहेका हुन्छन् । त्यतिखेर चट्याङका साथै, डरलाग्दोगरी पानी पनि परिरहेको हुन्छ । अन्धकार रातमा बिजुली चम्किरहन्छ । वातावरण सन्नाटामय हुन्छ । त्यसैबेला डाक्टरले भन्छन्, “हामीले तपाईंको बिरामी बचाउन सकेनौं, अवस्था धेरै गम्भीर भइसकेको रहेछ ।” छोरी चौला रुन थाल्छिन् । लासलाई पोस्टमार्टम गर्न निकालिन्छ र दानालाई सही गर्न लगाइन्छ अनि भनिन्छ- लासलाई तुरुन्त लिएर जानोस् । दाना अत्तालिंदै कसरी लास लिएर जाने भनेर अस्पताल प्रमुख बी ब्रह्मा र प्रशासनका मान्छेहरूसित हारगुहार, अनुनय-विनय गर्छन् तर उनको कुरा कसैले सुन्दैनन् । अझ अस्पताल प्रमुख बी ब्रह्माले त “तिम्रो मान्छेको लास छिटो यहाँबाट निकाल” भनेर धम्की नै दिन्छन् । शववाहनका लागि पैसा तिर्न भन्छन् तर दानासित तिर्न पुग्ने पैसा हुँदैन । पैसा नभएपछि जति हारगुहार र दौडधुप गरे पनि उनले शववाहन पाउन सक्तैनन् । उनी कठोर निर्णय लिन्छन् र आफ्नी पत्नीको लासलाई काँधमा बोकेर अस्पतालबाट निस्कन्छन् । छोरीलाई झोला बोक्न भन्छन् । आँसु पुछ्दै छोरी चौला झोला बोकेर पछि पछि लाग्छिन्, श्रीमतीको लास बोकेर दाना अघि अघि हिँड्छन् । यो दृश्यमा गरिब जनताको अवस्था र राज्यका संवेदनशील निकायको अवस्थाबारे चित्रण गरिएको छ । यहाँ देखिएको शून्य-मानवीयताले सबैलाई स्तब्ध बनाएको छ ।


दृश्य चार मध्यान्हको चर्को घामबाट सुरु भएको देखाइएको छ । दाना श्रीमतीको लास बोकेर आगो जस्तो तातो न तातो सडकमा आफ्नो खाली पैताला पोल्दै दौडन्छन् । बुबाको काँधमाथि आफ्नी मृत आमाको भारी देखेर रुमालले मुख छोपेर रुँदै गरेकी छोरी चौलाका हृदयविदारक दृश्य हेर्न यो संसार विवश हुन्छ । दाना लास बिसाएर छोरीसित एकछिन् कुरा पनि गर्दछन् । साठी किलोमिटर टाढा गाउँबाट अस्पतालमा आएका उनीहरू सोही बाटो फर्किरहेका छन् पैदलपैदल लास बोकेर । दाना भन्छन्, “बिरामी बोक्न जस्तो हुने रहेनछ लास बोक्न ।” यसले उनले बेला-बेलामा बिरामीलाई बोकेरै अस्पताल पुऱ्याएका रहेछन् भन्ने कुरा बुझ्न सकिन्छ । दाना श्रीमतीसितका पुराना कुराहरू सम्झँदै लासलाई बोकेर हिँडिरहेका हुन्छन् । यो दृश्यमा अथाह पीडाका साथ श्रीमान-श्रीमती, पारिवारिक स्नेह आदिको चर्चा गरिएको छ ।

दृश्य पाँचमा हकरहरूले पैसा नभएका कारण भारतको उडिसा राज्यका एक गरिब मानिस आफ्नी श्रीमतीको लास बोकेर १२ किलोमिटर हिँड्न बाध्य, भारतका लागि लाजमर्दो कुरा, मोदी के गर्दैछन् ?, मोदी कता हराए ? अस्पतालको चरम लापरबाही भन्दै अखबार बिक्री गरिरहेको दृश्यबाट प्रारम्भ हुन्छ। यहाँ उक्त खबर पढेर बहराइनका पीएम खालिफा बिन सलमान अल खालिफाले चित्त दुखाएको, भारतले छिमेकी देशलाई शववाहन बाँडेको, अस्ती भर्खर नेपाललाई पनि केही शववाहन दिएको, अरू छिमेकी देशहरूलाई पनि दिइरहेको समाचार आएको, तर भारतले आफ्नै देशका नागरिकको शव उठाउन शववाहनको व्यवस्था नगरेको आदि कुराहरूको दृश्याङ्कन गरेर भारतीय लोकतन्त्रको पर्दा उतार्ने काम भएको छ ।

दृश्य छमा काठमाडौंमा रहेको ए अनलाइन कार्यालयमा यस विषयमा बहस, छलफल भइरहेको कुरा देखाइएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपालका युवाहरूले एउटा सशक्त र भावपूर्ण ध्यानाकर्षण-पत्र लेखेर पठाइएको दृश्यलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यो दृश्यमा भारतीय भूमिमा भएको उक्त घटनाले नेपाल र यहाँका युवाहरूलाई पनि राम्ररी नै छोएको कुरा देखाएको छ ।

दृश्यमा सातमा मध्यान्हमा भारतको नयाँ दिल्लीमा बहराइनका प्रधानमन्त्रीले दानालाई आर्थिक सहयोग गरेकोप्रति युवाहरूले खुसी व्यक्त गरेको कुराहरू देखाइएको छ । सामन्तवादी व्यवस्थामा महिलाहरूको यस्तै अवस्था हुन्छ । यो घटनाले भारतको शासकीय व्यवस्था परिवर्तन गर्नुपर्दछ भन्ने कुराको सङ्केत गर्दछ भन्दै गम्भीर ढङ्गबाट छलफल गरिएको कुरा प्रस्तुत गरिएको छ । यो दृश्यले भारतका मोदी सरकार, उसले भन्दै आएको लोकतन्त्रबारे विश्वभरमा नै प्रश्न उठेको कुरा देखाइएको छ ।

दृश्य आठमा सडक छेउमा दाना, चौला र अन्य हुन्छन् । दानाले लगभग १२ लिोमिटरको दुरी पार गरिसकेका हुन्छन् । लासलाई सडकको एकछेउमा बिसाएर दाना आफ बस्छन् र चौलालाई पनि बस्न भन्छन् । सडकमा मान्छेहरू ओहोर-दोहोर गरिरहेका हुन्छन् । त्यहाँ कसैको कसैलाई मतलव हुँदैन । एक पागलले “ठिक्क भो, मलाई यो समाजले पागल भनेर खेद्यो । अब तिम्रो पालो आएछ हा हा हा, अब यहाँ पागलहरूको राज्य चल्छ” भन्छ । त्यहाँ एकोहोरो रूपमा पागल कराइरहन्छ।यहाँपागलको प्रसङ्गले समाजको मनोदशा केलाउने प्रयत्न गरिएको छ । त्यहाँबाट पनि दाना आफ्नी प्यारी श्रीमतीको लास बोकेर आफ्नो बाटो लाग्छन् । बाटोमा कुकुरहरू भुकिरहेका हुन्छन् । लखेट्न थाल्छन्। चौला तिनीहरूलाई धपाउँछिन् । नाटकमा पागल र कुकुरहरू बिम्ब बनेर उभिएका छन् । यो दृश्यमा चर्चित मार्क्सवादी कवि निभा शाहको ‘मनसरा’ र ‘दैया’ कवितांश पनि समेटिएको छ । यसले नाटकलाई परिपाकमा पुऱ्याउन निकै मद्दत पुऱ्याएको छ ।




नवौं दृश्यमा उडिसा राज्यका कालाहाँडी गाउँ दानाको घरमा स्थानीय जनता, राजनीतिक दलका नेता तथा कार्यकर्ता र उनका आफन्तजनका बीचमा शोकसभा हुन्छ । सबैले दानाको श्रीमती अमाङ देई बिसेक हुन सक्ने रोग टीबीका कारण असमायिक निधन भएकोमा दुःख व्यक्त गर्दछन् र उनीहरूले आ-आफ्ना शोक-मन्तव्यसमेत राखेर शोकसभा सकिन्छ । यो दृश्यमा आखिर दाना र दानहरूको राज्य कहाँ छ ? यो विश्वभरका दानहरूको विद्रोह हो कि होइन ? आखिर दानाहरूलाई विद्रोही बनाउने को हो ? भन्ने चोटिलो प्रश्नका साथ ‘दाना’ नाटकको अन्तिम पर्दा खस्छ ।

विश्वभरि गरिबहरू छन् तर उनीहरू उचित खानपान नपाएर सामान्यदेखि असामान्य रोगको सिकार भइरहेका हुन्छन् र छन् पनि । त्यसपछि समयमा उपचार नपाएर उनीहरूको अल्पायुमा नै मृत्यु हुन पुग्छ । जिउँदो हुँदा कठोर परिश्रम गर्दासमेत पेटभरि खान नपाउने गरिब जनता मरेपछि शववाहनमा चढाउने पैसा मृतकका आफन्तसित नहुँदा आफ्नालाई रुवाउँदै काँधमा चढेर हिँडाइन बाध्य पारिन्छन् । यो संसारभरिकै गरिबको कथा हो । यसमा लेखकले गरिब र महिलाका दुःखसम्बन्धी कविताको संयोजन गरेर नाटकलाई झनै रोचक र संवेदनायुक्त बनाएका छन् । समग्रमा खेम थपलियाले प्रस्तुत ‘दाना’ नाटकका माध्यमबाट गरिबहरूको विद्रोह अति थिचोमिचो र असह्य पीडाबाट जन्मन्छ भन्ने कुरा दर्शाएका छन् ।

अन्तमा नाटककार थपलियाले सामाजिक सञ्जालमा पोस्ट भएका कार्टुन-तस्बिरहरू राखेर विषयलाई अझ स्पष्टताका साथ रोचक बनाएका छन् । जस्तै, नाटकको पुस्तकको आबरणमा राखिएको कार्टुन जो सिङ्गो भारतका नक्सालाई लासको रूपमा बुझाउँछ । यो नाटक पेचिलो र रोचक दुवै छ । त्यसैगरी, अस्पताल परिसरमा राखिएका शववाहनहरूलाई माला लगाएर सजाएर राखिएको र त्यहीँ मृत्यु भएकी आफ्नी आमाको लासलाई काँधमा बोकेर हिँडिरेहका बाबुको पछि पछि हिँडिरहेकी चौलाका तस्बिरहरूले धेरै नै संवेदना बोलेका छन् । आकर्षक आबरण, छरितो आयातनसहित नौ दृश्यमा संरचित प्रस्तुत नाटकमा कताकतै शुद्धाशुद्धीको सीमा एवम् कतिपय ठाउँमा दृश्य र पृष्ठभूमिलाई अनावश्यक रूपमा तन्काउँदा दृश्यहरू लामा भए जस्तो लाग्छ तर पनि नाटकले हुँदा खानेको पीडालाई घामजत्तिकै छर्लङ्ग पार्न भने ‘दाना’ नाटक सफल भएको छ । नेपालको मार्क्सवादी नाट्य-साहित्यिक भण्डारमा नवीन प्राप्तिको रूपमा रहेको प्रस्तुत ‘दाना’ नाटक भारतीय लोकतन्त्रको असली अनुहार हो । यसका निम्ति नाटककार खेम थपलिया विशेष धन्यवादका पात्र बनेका छन् ।







## कविता

### म पसिना



हरी बस्नेत
*प्युठान*

तिम्रो दरबारमा बसाउँछु म केवल
मेरो सरकार
गनाउँछु त केवल म
गाउँका प्लास्टिकका पालमुनि गनाउँछु

तिमीले पहिरिने पहिरनमा
मेरा अनेकन सुगन्धहरू छन्
हुन्छु त एक मात्रै दुर्गन्ध
हली, गोठाला र मजदुरहरूका
च्यातिएका थाङ्नाहरूमा

मेरा सपनाहरू बेचेर
रातो कार्पेटमा
मेरै छातीमा कुल्चेर
शान्तिका नारा लगाउँछौ अचेल
मेरो सरकार तिमी
म भने यता सडकतिर
निर्मम युद्धघोष गरिरहेछु
दुर्गन्धितहरूको आह्वानमा

युद्ध गर्दैछु त म
मेरो मूल्य माग्नका लागि गर्दैछु
मलाई कुल्चने ओ शासक !
पसिना हो, म पसिना
जब पसिना बन्दुक हुन बाध्य हुन्छन्
तिम्रो भ्रामक शान्ति
तिम्रा सुगन्धित दरबार छोडेर
प्लास्टिकका पालमुनि
क्रान्तिको आगो बनेर
साँचो अर्थको शान्ति बनेर पहिरिनेछन् ?

### सनराइजपथमा अविचल सनराइज

– पवित्रा तिमिल्सिना ‘सुशीला’

बैरीका बंकरमा बम बनी
विष्फोट भइछौ सनराइज
दुश्मनको स्वर्गमा जन्मिएको
महान् मुक्ति पाउन जन्मिएछौ सनराइज
हाँस्दै मृत्यु रोजिदिएछौ सनराइज
युगौंयुग नअस्ताउने भएछौ सनराइज
अपिसैपाल बनेछौ सनराइज ।

तिम्रो मृत्युको कठोर खबरले
मेरो मुटुको धड्कन रोकियो
चेतनाको भकारी रित्तिएझैं लाग्यो
विक्षिप्त भयो मन
मलाई मात्र होइन सनराइज
तिम्रा सम्पूर्ण आफन्तजनहरू
तिम्रा सबै वर्गजनहरू
पीडाको आँसु बगाइरहेछन् सनराइज
बदलाभाव छातीमा रोपेर
आक्रोशपूर्ण बाँचिरहेछन् सनराइज
सेती र कालङ्गा
काली र कैलाश
खप्तड र रामारोशन
तिमीलाई खोज्दैछन् सनराइज
तिम्रा पदचाप पछ्याइरहेछन्
ए महान् सहिद !

तिम्रो तातो रगत छोएर
हामी कसम खान्छौं
तिम्रो हातबाट झरेको रक्तिम झन्डालाई
सगरमाथाको शिखरमा गाडिछाड्नेछौं
सनराइज
तिम्रो हातबाट झरेको राइफल
जीवनको अन्तिम क्षणसम्म बोहिरहनेछौं
ए महान् सहिद !
तिम्रा अधुरा सपना पूरा गर्न
हामी बाँचेकाहरू लामबद्ध छौं
हिँडिरहेनछौं तिम्रो सहिदपथमा सनराइज ॥

## एमाले–माके ...

बलिदान हेर्दा नयाँ जनवाद र वैज्ञानिक समाजवाद हो। केपीले भनेको चाहना संसद्वादीहरूको चाहना, यो सत्ताबाट मोजमस्ती प्राप्त गरेको वर्गको चाहना भने हो। उनको मानसिकता र दम हेर्दा पनि उनको विचार, नीति र नेतृत्व नै केन्द्रमा भएको प्रस्ट देखिन्थ्यो।

हाम्रो विचार यो गठजोड विचार मिलेपछिको सङ्गठनात्मक परिणाम हो। एमाले पहिलेदेखि नै संशोधनवादी, संसद्वादी, सुधारवादी (प्रचण्ड–बाबुरामको भाषामा प्रतिक्रियावादी) विचार बोकेको शक्ति थियो। उसले नेपालको कम्युनिस्ट आन्दोलनलाई विचलनतिर पुऱ्याएको थियो। प्रचण्ड र बाबुरामले जनयुद्धको महानतालाई आफ्नो उन्नतीको साधन बनाएर अन्ततः संशोधनवादी, आत्मसमर्पणवादी, विसर्जनवादी बाटो लिन पुगे। एमाले बरु कैयौँ मामिलामा स्थिर देखियो तर यी नयाँ संशोधनवादीहरू हावाको दिशाअनुसार कुनै सीमा नराखेर घरि टाउकाले घरि पुच्छरले टेक्न पुगिरहेका थिए। उनीहरूको प्रवृत्तिले एउटा केन्द्र खोजिरहेको थियो त्यो काङ्ग्रेस, एमाले जो पनि हुन सक्थ्यो। आज एमाले भएको छ। विचारमा एमालेभन्दा कतै फरक नभएपछि सङ्गठनमा एक हुन खोज्नु स्वाभाविक परिणाम हो।

दोस्रो, उनीहरूको यो गठजोड अस्तित्व सङ्कटमोचनको परिणाम पनि हो। राजनीतिमा एउटै विचार भइसकेपछि फरक पार्टीका रूपमा लामो समय अस्तित्वमा रहन संभव हुँदैन। उनीहरूमध्ये एक समाप्त हुनुपर्छ भने एक हावि हुन्छ। अहिलेको चुनावसम्म पुग्दा प्रचण्ड–बाबुरामको सङ्कट एमालेको भन्दा चर्को देखियो। उता एमाले पनि कांग्रेस-माकेको गठवन्धनले गर्दा आउँदो चुनावी परिणामप्रति विश्वस्त हुन सकेन। एउटा सङ्कट महसुस गऱ्यो। अस्तित्वका लागि सत्ता, सत्ताका लागि शक्ति चाहिने संशोनधवादीको दृष्टिमा यो गठबन्धनभन्दा बाहिर सङ्कट देखिएपछि सबै एक ठाउँमा आउन बाध्य भए।

तेस्रो, यो गठजोड सत्ताभोगको अवसरवादी लालचाको परिणाम पनि हो। यो आत्मरक्षाको विषय पनि हो। जब अगाडि जनता र देशको मुक्तिका पक्षमा क्रान्ति गर्नु छैन, क्रान्तिकारी विचारअनुसारको जीवन बिताउनु छैन, जसरी पनि सत्तामा पुग्नु र सत्ताको भोगविलास गर्नुछ भने एक्लाएक्लै चुनावमा जाँदा वा बस्दा कसैको कुनै सम्भावना देखा परेन। सबैलाई एकअर्कोको हात र साथ अनिवार्य बन्न पुग्यो। यसकारणले पनि सबै अवसरवादीहरूको यो गठजोड सम्भव हुन पुग्यो।

असोज १७ को यो घटनापछि कम्युनिस्ट आन्दोलनमा खासगरी क्रान्तिकारी मालेमावादी आन्दोलनमा के प्रभाव पर्ला भन्ने जिज्ञासा छ। यसमा कुनै ठूलो टन्टा मान्नु पर्दैन। हाम्रो विचारमा यसले क्रान्तिकारी आन्दोलनलाई थोरै नकारात्मक प्रभाव परे पनि बढी सकारात्मक परिणाम दिनेछ। नकारात्मकमा एकथरी अवसरवादी र लोभीपापीहरू सत्ताभोगको हावामा बग्नेछन्। उनीहरूले एमाले, माके, नयाँ शक्तिको गठजोडपछि सरकार बन्नेछ र फाइदा सोहोर्न पाइनेछ भनेर प्रशंसा गर्ने र सक्रिय हुने क्रियाकलाप देखाउनेछन्। यसमा बढी दलाल, भ्रष्ट, तस्कर, सुदखोर, विभिन्न क्षेत्रमा सुविधा कुम्ल्याइरहेका व्यक्तिहरू अग्रपङ्क्तिमा हुनेछन्। केही इमानदार पनि जालान् तर तिनको भविष्य टिक्नेछैन। सकारात्मक प्रभाव भने नेपालको समग्र क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा पर्नेछ। यसले संशोधनवादीहरूका अनेकौँ शिविरलाई भत्काएकाले अनेकौँ भ्रमहरू बग्न पाउने छैनन्। एकातिर एमालेसहितको धार हुनेछ, अर्कोतिर नेकपा र क्रान्तिकारीहरूको धार हुनेछ। क्रान्ति चाहँदै आएका बहुसङ्ख्यक श्रमिक वर्ग र उत्पीडित समुदायलाई एकताबद्ध हुन, ध्रुवीकृत हुन र क्रान्तिकरी आन्दोलनमा सहभागी बन्न ठूलो मद्दत गर्नेछ। यो गठजोडले ल्याउने अर्को सकारात्मक प्रभाव हामीले २०६५ सालदेखि प्रचण्ड–बाबुराम आत्मसमर्पण गर्दै सुधारवाद, संशोधनवाद र संसद्वादमा फर्किन्छन् भन्दै आएको निष्कर्ष सही साबित भएको छ। यसले विभिन्न भ्रम र विश्वासका कारण माकेवरिपरि भुल्नुभएका कमरेडहरूलाई सत्य बुझ्न र क्रान्तिमा सहभागी हुन सहज हुनेछ।

तेस्रो कुरा यसले क्रान्तिकारीहरूलाई दलाल संसदीय व्यवस्थाका विरुद्ध क्रान्ति अगाडि बढाउन र वैज्ञानिक समाजवादको विकल्प छैन भन्ने बुझाउन सहज हुनेछ। किनकि प्रचण्डहरूले नयाँ तरिकाले क्रान्ति गर्ने भन्दै निकै भ्रममा पारेको स्थिति थियो। एमालेसँग विलिन भइसकेपछि यो भ्रम दिने ठाउँ रहनेछैन। संसद्वादी संसद्वादतिर, क्रान्तिकारी क्रान्तितिर हुन सजिलो हुनेछ। जनतालाई पनि यो सत्य बुझ्न सरल हुनेछ।

मान्छेहरूलाई लाग्न सक्छ ठूला कम्युनिस्ट पार्टीहरू मिलेपछि राम्रो परिणाम आउला ? यसले जनता र राष्ट्रलाई के फाइदा हुन्छ !? यसको छोटो जबाफ हुन्छ- क्रान्तिकारीहरू, श्रमिक वर्गहरू, वैज्ञानिक समाजवादीहरू मिल्नु राम्रो हो। त्यसले जनताका पक्षमा सकारात्मक परिणाम ल्याउँछ तर अवसरवादीहरू, पश्चगामीहरू, यथास्थितिवादीहरू मिलेर श्रमिक वर्ग र राष्ट्रका पक्षमा राम्रो परिणाम आएको वा राम्रो भएको एउटा पनि इतिहास छैन। रुसी ख्रुस्चोभ र गोर्वाचोभहरू मिलेर सोभियत सङ्घलाई कहाँ पुऱ्याए ! जर्मनीमा सिदेमान र पुँजीवादी मिलेर जर्मन कम्युनिस्ट आन्दोलनलाई ध्वस्त गरे ! नेपालमै एमाले बनेपछि क्रान्ति गर्न कति गाह्रो भयो ! प्रचण्ड, नारायणकाजी, बाबुराम मिल्दा माओवादी क्रान्ति कसरी विसर्जन भयो ! यी सबै दृष्टान्तहरूले साबित गर्छन्- यो एमाले, माके, नयाँ शक्ति भन्नेहरूको गठजोडले पनि श्रमिक वर्ग, क्रान्ति, वैज्ञानिक समाजवाद र देशलाई कुनै फाइदा दिनेछैन। बरु मुक्ति र स्वाधीनताको आन्दोलनमा बाधा पैदा गर्नेछ। तसर्थ सबै क्रान्तिकारीहरूले यो गठजोडविरुद्ध विद्रोह गरेर क्रान्तिकारी ध्रुवीकरणलाई सशक्त र सुदृढ गर्नुपर्छ। यो नै सच्चा मालेमावादीहरूको विशिष्ट कार्यभार हो।

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा
सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।
सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९

## पोखरामा नेकपाको ...

छ। बैठकले महेन्द्रीय राष्ट्रवाद र संसदीय राष्ट्रवादले देशलाई स्वाधीन बनाउन नसक्ने निष्कर्ष निकालेको बताइएको छ। एमाले-माके-नयाँ शक्तिको एकता र त्यसपछि पार्टीको नाम नेकपा नै राख्ने चर्चा भइरहेको बेला पार्टी नाम नबदल्ने र नाम जुधाएर राखे पनि आपत्ति नहुने अनौठो मानसिकतामा उक्त पार्टी पुगेको एकजना पोलिटब्युरो सदस्यले बताए। नेकपाले कात्तिक ७ गते अर्थात् अक्टोबर क्रान्तिको शतवार्षिकी काठमाडौँमा विशाल जनप्रदर्शन र सभासहित सम्पन्न गर्ने भएको छ। उक्त सभालाई महासचिव विप्लवले नै सम्बोधन गर्ने समाचारमा जनाइएको छ।

नेकपाले सरकारद्वारा घोषित राज्यसभा र संसद्को चुनाव खारेज गर्ने औपचारिक निर्णय पनि गरेको छ। नेकपाले राष्ट्रिय स्तरका भ्रष्टाचारीको घर घेर्ने र ती भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्न दबाब दिने लोकप्रिय एवम् जनअपेक्षित कार्यक्रमसमेत घोषणा गरेको छ। उसले नेपाल आयल निगमका कार्यकारी प्रमुख गोपाल खड्का, कर फर्स्योट आयोगका निलम्बित प्रमुख चूडामणि शर्मा, व्यापारी अजय सुमार्गी, जनमैत्री अस्पताल, चन्द्रागिरि केबुलकारका मालिक चन्द्र ढकाललगायत छन्।

असोज २१ देखि २३ गतेसम्म चलेको उक्त बैठकले कात्तिक १ गतेदेखि राजनीतिक अभियान सुरु गर्ने निर्णय पनि गरेको छ। नेकपा र नेकपा (क्रान्तिकारी माओवादी) बीचमा पार्टी एकताको व्यापक चर्चा भइरहेको बेला बैठकले क्रान्तिकारी ध्रुवीकरणमा जोड दिने निर्णय गरे पनि विचार र चिन्तनमा मोहन वैद्य 'किरण' मा सङ्कीर्णता, रूढिवाद जब्बर रहेकाले तत्काल पार्टी एकताको आधार नबनेको ठहर गरिएको छ।

## तीन दलीय गठबन्धन ...

प्रतिस्पर्धाको माध्यमबाट समाजवादमा जाने कुरा प्रचण्डले बताइरहँदा विप्लवले भने बाबुराम-प्रचण्ड मालेमावाद, क्रान्ति र वैज्ञानिक समाजवाद छोडिसकेपछि स्वतः पुँजीवादी संसदीय व्यवस्थामा विलय भएको बताएका छन्। साथै विप्लवले प्रचण्डले भनेजस्तो निरन्तरताको क्रमभङ्ग नभई यो प्रतिगमन, पश्चगमन र पुँजीवादतिरको उल्टो क्रमभङ्ग भएको र माओवादी आन्दोलनलाई संशोधनवाद तथा समाजवादलाई पुँजीवादमा पतन गराउने क्रमभङ्ग भएको बताएका छन्। प्रचण्ड र बाबुराम आत्मसमर्पण गर्दै सुधारवाद, संशोधनवाद र संसद्वादमा फर्किन्छ भन्ने आफ्नो निष्कर्ष सही साबित भएको विप्लवको भनाइ छ। राजनीतिमा एउटै विचार भइसकेपछि फरक पार्टीका रूपमा लामो समय अस्तित्वमा रहन सम्भव नभएकाले एकको समाप्ति र एकको हावी हुने प्रक्रियाअनुसार एमालेमा माके विलय हुनु स्वाभाविक भएको पनि महासचिव विप्लवको निष्कर्ष छ। नेपालमा क्रान्तिमार्फत जनताको वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नु नै जनता वास्तविक चाहना भएको पनि विप्लवको भनाइ छ।

क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य 'किरण' ले कम्युनिस्ट वामपन्थी गठबन्धन भनेर प्रचार गरिएको भए पनि तीन पार्टीको गठबन्धनलाई दक्षिणपन्थी प्रतिक्रियावादी गठबन्धन भएको बताएका छन्। बुधबार विज्ञप्तिमार्फत किरणले क्रान्तिकारी विचारबाट पतन भएका दक्षिणपन्थी प्रतिक्रियावादीहरूको गठबन्धन भएकोले यसको भण्डाफोर गर्नुपर्ने, सच्चा देशभक्त,प्रगतिशीलका बीचमा व्यापक संयुक्त मोर्चा र कम्युनिस्ट क्रान्तिकारीहरूका बीचमा ध्रुवीकरण हुने वातावरण सिर्जना भएको पनि किरणको भनाइ छ।

यसैबीच नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले वामएकता समीकरणमा सामेल भएका भनिएका सबै पक्षहरू मालेमावादी सिद्धान्तबाट विचलित भई दक्षिणपन्थी बाटोमा गइसकेको बताएका छन्। साथै एउटै पथमा हिँडेकाहरूको एकीकरण हुनु स्वाभाविक भएको पनि सिहंले बताएका छन्।

एकसाता पहिले एकाएक तीन पार्टीबीच चुनावी तालमेल र पार्टी एकता गर्ने सैद्धान्तिक सहमतिको बनेको थियो। एमाले माओवादीबीच देशभरिमा एमालेले ६० प्रतिशतमा र माओवादी केन्द्रले ४० प्रतिशत चुनावी तालमेल गर्ने र पार्टीएकता गर्नेसमेत सहमति भयो। अकस्मात् जस्तो देखिने तीन दलीय गठबन्धनमा चिनियाँ पक्षको हात रहेको पनि विश्लेषण गरिएको छ भने कतिपयले यस सहमतिलाई दिल्लीलाई सरप्राइज भएको पनि बताउने गरेका छन्। केही समयपहिले नेपालमा कम्युनिस्टको भविष्य छैन भनेका बाबुराम र काङ्ग्रेससँग दस वर्ष सरकार चलाउने उद्घोष गरेका प्रचण्ड र एमालेबीच एक्कासि पार्टी एकताको सैद्धान्तिक सहमति हुनुले नेकपालगायत कम्युनिस्ट नेताहरूले क्रान्तिकारी शक्तिहरूलाई फाइदा पुगेको समेत बताएका छन्। ती नेताहरूले प्रचण्डहरू दक्षिणपन्थी प्रतिक्रियावादी कित्तामा गइसकेपछि क्रान्ति चाहनेहरूबीच ध्रुवीकरण हुने वातावरण बन्दै गएको पनि बताउएका छन्। उता सरकारको नेतृत्व गरेको दल नेपाली काङ्ग्रेसले पनि वाम गठबन्धनको विरुद्धमा तराईकेन्द्रित दलहरूलाई साथमा लिएर लोकतान्त्रिक गठबन्धन बनाउने पहल गरिसकेको छ।

## कम्युनिस्ट क्रान्तिकारी ...

नेताहरूबीच सौहार्दपूण छलफल र वार्ता चलिरहे पनि किरणमा रहेको कार्यदिशाको अलमल र अकर्मण्यताले अहिले नै पार्टी एकता भने सम्भव नरहेको नेताहरूले बताउने गरेका छन्। उनीहरूका अनुसार वार्ता र छलफल भने सकारात्मक हुने गरेका छन्। अर्कोतिर क्रान्तिकारी माओवादीभित्र किरणको दस्ताबेजमा रामसिंह श्रीसले 'जनयुद्ध' र 'माओवाद' शब्दमा फरक मत राख्नु र अर्का नेता परी थापाले मोहनविक्रम सिंहतिरै फर्कने मनस्थिति बनाउनुले पनि किरणलाई पार्टीभित्र अप्ठेरो परेको छ। किरणले भूमिगत पार्टी संरचना, चुनाव बहिष्कार र सशस्त्र विद्रोहतिर पार्टी लैजान चाहे पनि पार्टीमा उत्पन्न मतभेदको कारण यो सम्भावना नरहेको बताइन्छ। क्रान्तिकारी माओवादीका एक केन्द्रीय सदस्यका अनुसार पार्टी एकताका लागि दबाब सिर्जना गर्न युवाहरूको एउटा समूह नै लाग्ने योजनामा रहेको छ। तर किरणलाई यो विषयमा पार्टीभित्रको अर्को समूहबाट चर्को दबाब परेको ती नेताको भनाइ छ जसको कारण किरण असन्तुष्ट रहेको बताइन्छ। क्रान्तिकारी उपयोग भन्दै स्थानीय निकायको चुनावमा भाग लिएको क्रान्तिकारी माओवादीले फेरि पनि संसद् र प्रदेशसभाको चुनावमा भाग लिने निर्णय गरिसकेको छ। यो निर्णयमा भित्री अनिच्छा भए पनि सन्तुलन मिलाउनका लागि चुनाव उपयोगको निणर्यमा किरण पुगेको पनि बताइन्छ।

यसैबीच क्रान्तिकारी माओवादीको राष्ट्रिय भेलामा अध्यक्ष किरणले प्रस्तुत गरेको दस्ताबेजमाथि सहभागीहरू ९ वटा समूहमा विभाजित भएर बहस गरेका छन्। सहभागीहरूबीच कम्युनिस्ट क्रान्तिकारीहरूबीच एकताको बहसले प्राथमिकता पाएको भेलाका एक सहभागीले बताएका छन्। बिहीबारसम्म चल्ने बताइएको उक्त सम्मेलनले दस्ताबेज पारितसँगै नयाँ केन्द्रीय समिति चयन गर्ने पनि बताइएको छ।

## सीमा रक्षकलाई ...

चौतर्फी निन्दा गरिएको छ। भारतीय हस्तक्षेपको विरोधमा १७ गते काठमाडौँ, माइतीघरमण्डलामा देशभक्त नेपालीहरूले भारतीय दादागिरीको विरुद्ध प्रदर्शनसहित ज्ञापनपत्र बुझाए। असोज १७ गते नै पुर्वजनरल, कूटनीतिज्ञ, पूर्ववरिष्ठ सरकारी कर्मचार ीसहितको प्रबुद्ध समूहले विज्ञप्तिमार्फत घटनाको निन्दा र विरोध प्रदर्शन गऱ्यो। नेपाल सरकारका पूर्वसचिव द्वारिकानाथ ढुङ्गेल, पूर्वराजदूत हिरण्यलाल श्रेष्ठ, पूर्वसहायकरथी प्रेमसिंह बस्न्यातलगायतद्वारा जारी विज्ञप्तिमा 'भारतीय प्रहरीद्वारा भएको गैरकानुनी, अमानवीय र नेपालको सार्वभौमिकताविरोधी गिरफ्तारीप्रति हामी घोर आपत्ति प्रकट गर्छौं। उनीहरूको चाँडै रिहाइका लागि पहल गर्न नेपाल सरकारलाई आग्रह गर्छौं' भनिएको छ। यादवद्वयको रिहाइको पहल गर्न भारत, कुनौली पुगेका नेपाली अधिकारीहरूसँग भारत, कुनौली थाकाका प्रभारी (इन्चार्ज) विनोद यादवले 'सहयोग गर्नुको सट्टा अभद्र शैलीमा चेतावनी दिएको' गुनासो गरेका थिए। उनको भनाइबाट देवनारायणसहित त्यस क्षेत्रका देशभक्त नेपालीले आत्मसमर्पण गरून् भन्ने भारतको अपेक्षा पूरा नहुँदा 'शरीर बन्धक तथा अपहरण' मुद्दा थोपरेर फसाउन खोजेको देखिन्छ। आदर्शग्राम पञ्चायतका एक स्थानीय भारतीय नागरिकले यादवलाई पक्राउ गरेपछि भागीविवाह गरेका अजयका ससुराली पक्षलाई आर्थिक प्रलोभनमा पारेर हतारहतार मुद्दा हाल्न लगाएको बताएका छन्। उक्त घटनाको चौतर्फी विरोध भैरहेको बेला नेकपा निकट जवसहरूको आयोजनामा बिहीबार अपराह्न काठमाडौँमा विरोध प्रदर्शन गरे को थियो। पहल गर्न गएका नेपाली अधिकारीसँग भारतीय पक्षले गत बुधबारसम्म छोड्ने आश्वासन दिएको थियो।

नेपाली जनताको व्यापक विरोध भएपछि भार तीय साम्राज्यवादले बाध्य भएर देशभक्त नेपालीलाई झुठो मुद्दा लगाएर शनिवार मात्र तारेखमा रिहा गर्न बाध्य भएको छ। यादवले रिहा भएपछि देशको सीमा रक्षाका लागि आफ्नो लडाई निरन्तर जारी रहने बताएका छन्।

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
पञ्चकन्या बिल्डर्स प्रा.लि.
पञ्चकन्या आयल स्टोर
बृन्दावन ढुवानी सेवा
सम्पर्क नं. ९८५५०८०७९४, ९८५५०५८४००, ९८४५२१८४६७
मुख्य कार्यालय र.न.पा. जयमंगला, चितवन

शुभकामना
२०७४ सालको विजयादशमी, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
निरु कार्की
केन्द्रीय सदस्य
नेपाल लोकतान्त्रिक फोरम
भरतपुर महानगरपालिका–३, बेलचोक
भरतपुर महानगरपालिका–१, पुलचोक, नारायणगढ, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. रुद्रहरी भण्डारी
सुपथ स–मिल
भरतपुर महानगरपालिका–७, विकासचोक
मो. ९८५५०५५०२२

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. केशवप्रसाद लामिछाने
संरक्षण निर्माण सेवा प्रा.लि.
भरतपुर–१२, चितवन, ९८५५०५६६७५

नियमित

# वर्गसङ्घर्षको केन्द्रबिन्दु


अशोक सुवेदी

सबैभन्दा दमित, उत्पीडित, श्रमिक भएको भूमिका वर्गसङ्घर्षका लागि सदैव तयार हुन्छ । सही विचार र राजनीतिले नेतृत्व दिनासाथ उत्पीडित समुदाय आफ्नो मुक्तिका लागि क्रान्तिमा हेलिन्छ । नेतृत्व अवसरवादी र धोकेबाज पऱ्यो भने क्रान्तिका लागि तयार श्रमिक-सर्वहारा वर्ग जनतालाई धोका हुन्छ । अहिले हाम्रो अवस्था त्यही हो ।

रामेछाप जिल्लालाई तीन लालको जिल्ला भनिन्छ । राणा शासनविरुद्ध मकैको खेती पुस्तक लेखेर प्रथम साहित्यिक सहिद बनेका कृष्णलाल अधिकारी, राणाशासनविरुद्ध युवावस्थामै हाँसीहाँसी बलिदान गर्ने गंगालाल श्रेष्ठ र सबैखाले अन्याय, अत्याचार र विभेद समाप्त पारी नेपालबाट साम्यवाद स्थापनाको महाअभियान आरम्भ गर्ने उद्घोष गर्दै नेकपा स्थापना गर्ने संस्थापक महासचिव पुष्पलाल जन्मिएको जिल्ला भएकाले यस जिल्लालाई तीन लालको जिल्ला भनिएको हो । त्यसपछि महान् जनयुद्ध, त्यसअघि र पछिका विभिन्न जनआन्दोलन र जनविद्रोहहरूमा पनि यो जिल्लाले धेरै ठूलो लगानी गरेको छ । जनयुद्धको सबैभन्दा पहिलो सफल फौजी मोर्चा बेथान र बेथान पानीघाटमा उच्च बलिदान गरेर बलिदान र त्यागको बाटोमा हिँड्न सिकाउने तीर्थ गौतम, फत्त स्यालीमगर र दिलमाया बम्जन यस जिल्लामा रगत बगाउने त्याग र शौर्यका प्रतिबिम्ब हुन् । त्यसैगरी यस जिल्लाका दोरम्बा, गर्ज्याङ चुचुरे, सालुलगायत क्षेत्रले सामूहिक रूपमा क्रान्तिकारी योद्धाहरूको बलिदान स्वीकारेका छन् । त्यही त्याग, शौर्य र बलिदानको महान् गाथाका कारण आजसम्म क्रान्तिकारी विचारको ऊर्जा कायम छ । यसै ऊर्जाको आधारसहित नेपाल कम्युनिस्ट पार्टी एकीकृत जनक्रान्तिको कार्यदिशा पूरा गर्ने योजनामा छ ।

रामेछाप जिल्लामा कम्युनिस्ट पार्टी स्थापना गर्न र कम्युनिस्ट जन्माउन सिन्धुली खुर्कोटमा जन्मिएका कमरेड ऋषि देवकोटा 'आजाद' को ठूलो भूमिका छ । २०२० सालको दशकदेखि नै उहाँले सिन्धुली र रामेछाप जिल्लामा कम्युनिस्टहरू उत्पादन गर्न ठूलो त्याग र समय खर्चिनुभएको छ । त्यसैगरी रामेछापमा क्रान्तिकारी कम्युनिस्ट पार्टी स्थापना गर्न क. ईश्वरीप्रसाद दाहाल 'असारे काका' को अग्रणी भूमिका छ । उहाँले २०३० को दशकको मध्यमा रामेछापमा नेकपा चौम स्थापना गरेर छरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरूलाई एकत्रित गर्नुभएको पाइन्छ । त्यसैगरी गौरीशङ्कर माविमा शिक्षकका रूपमा रहेर कम्युनिस्ट विचार फैलाउनेहरूमा सीपी गजुरेल 'गौरव', गोरेबहादुर खपाङ्गी, रामप्रसाद गजुरेलहरूको ठूलो भूमिका छ । त्यसपछि कमल चौलागाईं, रेशम चौलागाईं, चतुरमान सुनुवार, ज्ञानप्रसाद सुवेदी 'शेषराज', ग्याल्छेन लामा, पेमा लामा, हस्तबहादुर घिसिङ, नीरराज गिरी, युवराज पाख्रिनलगायतको योगदानछ ।

कामको खोजीमा सहरतिर वा विदेशतिर पलायन हुनैपर्ने अवस्था, खाद्य आपूर्ति गर्न नसकेर बसाइँसराइ गर्नैपर्ने अवस्था, जटिल स्वास्थ्यउपचार, आधुनिक प्राविधिक शिक्षाका लागि अन्य जिल्ला र सहर तथा राजधानी धाउनैपर्ने परिस्थिति, केन्द्रीय स्तरका कार्ययोजनाहरूमा पनि अन्य जिलामा धाउनैपर्ने बाध्यताजस्ता आर्थिक, सामाजिक उत्पादन चरित्र बोकेको यस जिल्लाको चरित्र हो ।

जीविकोपार्जनको अवसरको खोजीमा युवाले गाउँबाट सदरमुकाम, सदरमुकामबाट राजधानी र राजधानीबाट अन्य मुलुकमा पुग्नैपर्ने अवस्थाका कारण युवा जनशक्ति र प्रतिभा पलायनको खतरा डरलाग्दो बनेको छ । राजधानी र अन्य सहरहरूमा रिक्सा कुदाइरहेका, ठेला ठेलिरहेका, ट्याक्सी चलाइरहेका र होटेल-पसलमा न्यून वेतनमा श्रमिकको काम गरिरहेका अधिकांश मानिस यसै भेगका पाइन्छन् । जिल्लादेखि राजधानी वा अन्य सहरसम्म जीवनसङ्घर्षले स्थापित हुँदै गएका केही निम्नमध्यम र मध्यमवर्गका मानिसको सङ्ख्या पनि वृद्धि भइरहेको छ । प्रायः श्रमिक, इमानदार, राष्ट्रिय स्वाधीनताका पक्षधर, देशभक्त, जनतन्त्रप्रेमी जनता भएको जिल्ला भएकाले एकीकृत जनक्रान्तिमा यो जिल्ला अग्रपङ्क्तिमा उभिनसक्ने देखिन्छ ।

यातायातमा एक किसिमको जागरण र विकासको पूर्वाधार निर्माण भइरहेको छ तापनि मानव बेचबिखन, कामका लागि विदेश र सहर पलायन, बसाइँसराइ, गरिबहरूको सङ्ख्या दिनानुदिन वृद्धि, परनिर्भर पुँजी, उत्पादन परनिर्भरता, राजनीतिक-आर्थिक-सांस्कृतिक रूपमा दलालहरूको वृद्धि, बेरोजगारी, जमिनको बाँझोपन र प्राकृतिक प्रकोपका कारण नाङ्गो र रूखोपना बढिरहेको छ । युवा पलायनले गाउँमा जन्तदेखि मलामीसम्म नपाइने अवस्था, शैक्षिक विकृति र विसङ्गतिले विद्यालयहरू गाभिनुपर्ने अवस्था, असमान विकास र वर्गीय असमानताको खाडल चरम रूपमा वृद्धि भइरहेका कारण जिल्लाको मानवसभ्यता सामन्ती-दलाल पुँजीपति अर्थात् कथित उपल्लो वर्गका लागि मात्र विकास भएको पाइन्छ । यस्तो अवस्थामा देश र जनताको चिन्ता गर्नेहरूले उत्पीडित वर्गलाई मुक्तिका लागि प्रेरित गर्ने, त्याग, शौर्य र बलिदान गर्ने सहिद, बेपत्ता र घाइते योद्धाका परिवारहरूसम्म पुगेर क्रान्तिको निरन्तरता जोगाइराख्ने र उत्पीडित वर्गलाई क्रान्तिमा लामबद्ध गराइराख्ने चुनौती र सम्भावना पनि उत्तिकै प्रबल रहेको छ ।

रामेछाप जिल्ला राजनीतिक रूपमा सधैँ अग्रपङ्क्तिमा रहेको विषय कृष्णलाल, गङ्गालाल र पुष्पलालको जन्मस्थलका कारण मात्र होइन, यस जिल्लाले ऐतिहासिक रूपमा निर्वाह गरेको भूमिकाका कारण पनि स्थापित र उल्लेखनीय छ । कृष्णलाल अधिकारीले विसं १९७० को दशकमै निरङ्कुश जहानिया राणाशासनका विरुद्ध मकैको खेतीजस्तो ऐतिहासिक र बिम्बात्मक साहित्यिक-कृषिप्रणालीसम्बन्धी पुस्तक लेखेर बलिदान गरेको इतिहास कसैबाट छिपेको छैन । त्यसैगरी रामेछाप जिल्लाको भँगेरीमा जन्मिएका युवा गङ्गालाल श्रेष्ठले जहानियाँ राणाशासनविरुद्ध फाँसीको तख्तामा झुन्डिएर पनि समाज रूपान्तरणका लागि प्रख्यात सहिदकाण्डमा निर्वाह गरेको ऐतिहासिक भूमिका स्मरणीय छ । गङ्गालालका भाइ पुष्पलालले कम्युनिस्ट पार्टी स्थापना गरेर साझा नेपालीलाई सामन्तवाद, पुँजीवाद, साम्राज्यवाद र विस्तारवादविरुद्ध ललकार गर्दै नेपाली समाजमा उच्च क्रान्तिकारी चेतन जागृत गराएको र वर्गसङ्घर्ष उच्च बनाएको परिघटना पनि नेपालको राजनीतिक इतिहासमा गौरवपूर्ण रहेको छ ।

पुष्पलालले २००६ सालमा स्थापना गर्नुभएको कम्युनिस्ट पार्टीको व्यापक प्रभाव रामेछाप जिल्लामा छ । नेपाल कम्युनिस्ट पार्टी २००६ सालमा स्थापित कम्युनिस्ट पार्टीकै एक परिष्कृत र विकसित स्वरूप हो । यो पार्टी चौथो महाधिवेशन, नेकपा मशाल, मसालबाट विद्रोह गरी क्रान्तियात्रामा केन्द्रीकरण भई महान् जनयुद्धको सुरुआत गर्दै हजारौँको बलिदानीपछि सामन्ती राजतन्त्र नष्ट गर्ने तत्कालीन नेकपा (माओवादी) को क्रान्तिकारी विरासत हो । यद्यपि सोही पार्टीबाट माओवादी नामका विभिन्न समूहहरू बनेका छन् । सोही पार्टीबाट स्थापित बनेका प्रचण्ड र बाबुराम भट्टराईहरू वर्गसङ्घर्ष र कम्युनिस्ट आन्दोलन नै छाडेर एउटा बुर्जुवा समूहमा पतीत बनेका छन् । जनयुद्धको नेतृत्व गर्ने पुष्पकमल दाहाल 'प्रचण्ड' क्रान्तिको बाटोबाट पलायन भएर एउटा दलाल संसद्वादी, नामधारी वामपन्थी समूहमा पतीत भएको छ । सोही पार्टी र आन्दोलनबाट आएका मोहन वैद्य 'किरण' हरू नयाँ कार्यदिशाको विकास गर्न नसक्दा टाक्सिएर न हाँस, न बकुल्लाको चालमा एउटा सानो, जड र रूढ समूहमा सीमित भएको छ । यिनै शृङ्खलाहरू पार गर्दै आज नेकपा एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशासहित नेपालको एक मात्र क्रान्तिकारी कम्युनिस्ट पार्टीका रूपमा स्थापित बनेको छ ।

२०५० सालको दशक र विशेषगरी महान् जनयुद्ध आरम्भ भएपछि रामेछापमा कम्युनिस्ट नामका संशोधनवादीहरूको पतन र क्रान्तिकारी माओवादीहरूको विकास छलाङमय ढङ्गले भएको पाइन्छ । बेथान मोर्चाको विजय र बलिदानको जगमा देशैभर माओवादीको विकास भए पनि दोरम्बा, गर्ज्याङ चुचुरे, सालु देउरालीलगायत सामूहिक र बर्बर हत्याकाण्डमा बलिदान गर्ने एक सय ६० भन्दा बढीको सहादतले रामेछापमा क्रान्तिकारी कम्युनिस्ट नेतृत्वमा भौतिक रूपमा आघात पुगे पनि जनयुद्धले एकभन्दा एक प्रतिभाहरू जन्माएको छ । यद्यपि रामेछापमा नेकपा (माओवादी) को नेतृत्व भने ललितपुरका हरि दाहाल ललित, सिन्धुलीका वसन्त माझी, सर्लाहीका कुमार पौडेल, दोलखाका जितवीर, सिन्धुलीकै राजन दाहाल, रामेछापका रेशम चौलागाईं, मैनकुमार मोक्तान, इन्द्र श्रेष्ठ, तीर्थ कार्की, गुन्जन हुँदै नेकपाको नेतृत्व लमजुङका सन्तोष कोइराला, रामेछापकै कुलदीप मगर अभिलाशसम्म आइपुगेको छ । यस जिल्लामा वामपन्थी पार्टीहरूमा नेकपा (चौम, पछि एकताकेन्द्रमाओवादी केन्द्र हुँदै एमाले बन्दै गरेको समूह), नेकपा (माले), नेकपा (एमाले), नेकपा (मसाल) को पनि केही प्रभाव रहेको छ तर क्रान्तिकारी आन्दोलनको नेतृत्व भने नेकपाले नै गर्दै आएको छ । बेथान वीरता दिवस, दोरम्बा हत्याकाण्ड स्मृति दिवस, सालु देउराली स्मृति दिवस, गर्ज्याङ चुचुरे स्मृति दिवस यस जिल्लामा महान् जनयुद्धले निर्माण गरेका दिवसहरु हुन् भने गङ्गालाल, पुष्पलाल, कृष्णलाल स्मृति दिवसहरु पनि यस जिल्लामा मनाउने गरिन्छ ।

प्रतिक्रियावादी शक्तिहरूमा हिजोका दरबारियाहरूको समूह राप्रपा, दलाल पुँजीपतिहरूको समूह नेपाली काङ्ग्रेस र केही जातिवादी समूहहरू पनि क्रियाशील छन् । प्रतिक्रियावादी विचार र चिन्तनका राप्रपा एवम् काङ्ग्रेससँग वर्गसङ्घर्ष तथा संसद्वादी समूह माओवादी केन्द्र (माके) र एमालेसँग वैचारिक सङ्घर्ष नै यतिबेला रामेछापका क्रान्तिकारी माओवादी अर्थात् नेकपाको चुनौती देखिएको छ । दलाल पुँजीपतिको रक्षा गर्ने संसदीय व्यवस्थामा काङ्ग्रेस, माके र एमालेको प्रतिनिधित्व छ भने अन्य समूहहरूले पनि जनतालई दिग्भ्रमित पारिरहेका छन् । नेकपाको सिर्जनशील क्रान्तिकारी कार्यदिशा एकीकृत जनक्रान्तिमा लामबद्ध हुनेहरूको सङ्ख्या दिनानुदिन बढिरहेको छ । माके, वैद्य समूह र मसाल समूहबाट पनि नेकपाप्रति आकर्षण अत्यधिक बढेको छ । पछिल्लो समयमा सत्ताका दलालहरुमाथिको कारबाही बढाएर नेकपाले रामेछापलाई क्रान्तिको केन्द्र बनाउँदै लगेको छ ।

# प्रगतिशिल वैवाहिक कार्यक्रम सम्पन्न

निरा क्षेत्री/काठमाडौं



यही असोज ७ गते रातो खबर प्रकाशनगृहका सदस्य झनक श्रेष्ठ र क्रान्तिकारी आन्दोलनमा क्रियाशील विपना ओलीबीच वैवाहिक कार्यक्रम सम्पन्न भएको छ । वैवाहिक कार्यक्रमको अध्यक्षता पार्टीका राजनीतिक समिति सदस्य (पीबी) तथा रातो खबर प्रकाशनगृहका निर्देशक अनिल शर्मा 'विरही' ले गर्नुभएको थियो भने प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' रहनुभएको थियो । वैवाहिक कार्यक्रम प्रक्रियाको सुरुआत वर झनक श्रेष्ठ र बधु विपना ओलीले सुरुमा दुईवटा मैन प्रज्वलन गरी छुट्टाछुट्टै जीवनयात्राबाट एउटै यात्रामा गाँसिएको अभिव्यक्तिस्वरूप अर्को दीप प्रज्वलन गर्नुको साथै वर र बधुले एकअर्कोलाई टिका र माला लगाइदिएका थिए । त्यही क्रममा वर झनक श्रेष्ठले आफ्नो विवाह पार्टी र आन्दोलनकै बीचबाट भएको र आफूहरूको जीवनयात्रा क्रान्तिकै निम्ति हुनेछ भन्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

नवविवाहित जोडीलाई पार्टीका महासचिव विप्लव, बधुका बुबा तथा पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', पार्टीका केन्द्रीय सल्लाकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहाल 'असारे काका' र वरका दाजु प्रेमबाबु श्रेष्ठले दाम्पत्य जीवन सफलताको शुभकामना दिएका थिए । उक्त कार्यक्रममा अतिथिहरू पीबीएम गम्भीर, केन्द्रीय सदस्यहरू माइला लामा, सुदीप, बन्धु चन्द, मकर गुरुङ, उत्तम, गुणराज लोहनी, आजादको उपस्थिति थियो ।

वैवाहिक कार्यक्रममा शेरबहादुरले देउडा गीत गाउनुभएको थियो भने रातो खबर साप्ताहिकका प्रबन्धनिर्देशक भीम चापागाईंले स्वागत गर्नुभएको कार्यक्रम सञ्चालन निरा क्षेत्रीले गर्नुभएको थियो ।

# माओवादी केन्द्रको एमालेमा विलय : ओली

अनिल नेपाली/अर्घाखाँची



नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले नेकपा माओवादी केन्द्र एमालेमा विलय भएको बताउनुभएको छ । उहाँले एमाले, माओवादी केन्द्र र नयाँ शक्तिका बीचमा भएको तालमेलले सच्चा कम्युनिस्टहरूलाई फाइदा पुगेको बताउँदै विदेशीको इसारामा भएको गठबन्धन सफल नहुनेसमेत बताउनुभयो । नेपाल कम्युनिस्ट पार्टी अर्घाखाँचीले अर्घाको मसुरेपाटामा आयोजना गरेको जनसभा तथा सांस्कृतिक कार्यक्रममा सम्बोधन गर्दै यस्तो बताउनुभएको हो । कार्यक्रमका प्रमुख अथिति सुदर्शनले 'तीन दलको गठबन्धनले सच्चा कम्युनिस्ट विचारधारा बोकेका पार्टीहरूलाई एक हुन मद्दत पुगेको भन्दै यसले गर्दा परिवर्तनकारी शक्तिहरू एक भएर विशाल क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माणमा लाग्नुपर्ने बताउनुभयो । मोहनविक्रम नेतृत्वको नेकपा मसाल र मोहन वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीलगायत विभिन्न समूहमा रहेका क्रान्तिकारीहरूसँग पार्टी एकता लागि छलफल चलिरहेको जानकारी दिँदै नेता सुदर्शनले एमाले माओवादी केन्द्र पटकपटक सत्तामा जाँदा पनि नागरिकका पक्षमा काम गर्न नसकेकाले यी पार्टीहरूले कम्युनिस्ट पार्टीका रूपमा आफूलाई चिनाउन खोज्नु लाजमर्दो कुरा भएको पनि बताउनुभयो । एकीकृत जनक्रान्तिका माध्यमबाट राज्यसत्ता स्थापना गर्ने आफ्नो पार्टीको लक्ष्य सफल तुल्याएरै छाड्ने बताउँदै नेता सुदर्शनले मङ्सिरमा हुने निर्वाचनमा नेकपाले भाग नलिने स्पष्ट पार्नुभयो र संसदीय व्यवस्थाले निकास दिन नसक्ने भएकाले यस्तो निर्वाचनको पछाडि नलाग्न आमजनतालाई अपिलसमेत गर्नुभएको थियो ।

बिहीबार सम्पन्न कार्यक्रममा सामना सांस्कृतिक परिवार केन्द्रीय टोलीले विभिन्न किसिमका प्रस्तुतिबाट हजारौँ जनतालाई वैचारिक मनोरञ्जन प्रदान गरेको थियो । नेकपाका पोलिटब्युरो सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज वीरजङ्ग, केन्द्रीय सदस्य टेकबहादुर बलम्पाकी, कपिलवस्तु इन्चार्ज संगम, गुल्मी इन्चार्ज धिरज, जिल्ला जनसरकार प्रमुख पिताम्बर पोखेलको पनि उपस्थिति थियो । अर्घाखाँची इन्चार्ज सुमन ज्ञवालीको अध्यक्षतामा सम्पन्न सभाको सञ्चालन सामना सांस्कृतिक परिवारका आरोह नेपालीले गर्नुभएको थियो ।

# गिरफ्तार गरिएकाहरूलाई रिहा गर : नेकपा

रातो खबर संवाददाता



असोज १० गते चितवनको भरतपुर बजारमा बाटोमा हिँडिरहेको बेला नेकपाका विदेश विभाग सदस्य नारायण न्यौपाने 'पावेल' र १२ गते नेकपाका जिल्ला सदस्य सुशील कोइरालालाई गिरफ्तार गरिएको छ । गिरफ्तार गरिएका दुवैजनालाई टाँडी प्रहरी कार्यालय चितवनमा राखिएको छ । उनीहरू दुवैजनालाई असोज १ गते रत्ननगर नगरपालिकाको भ्रष्ट इन्जिनियर प्रकाश ढुङ्गानालाई कालोमोसो दलेको विषयलाई लिएर पक्राउ गरिएको हो । आफ्ना कार्यकर्ता बिनाकारण पक्राउ गरी दुःख दिएको भन्दै नेकपा चितवनका जिल्ला इन्चार्ज लालबहादुर बीसीले एक विज्ञप्ति जारी गर्दै झूट्टा मुद्दा खारेजी गर्दै तत्काल रिहाइको माग गरेका छन् ।

उता प्रहरीद्वारा गिरफ्तार गरिएका सुनसरी बराह नगरपालिका भरौल घर भएका नेकपाका जिल्ला सदस्यहरू सिंहबहादुर तामाङ र दुहबी नगरपालिका ३ घर भएका रमेश न्यौपानेलाई जेल चलान गरिएकोमा मंगलबार रिहा गरिएको छ । असोज ८ गते घरमै बसिरहेको बेला उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको हो । कोसी बाँध बाढी नियन्त्रणको भारतीय गाडी तोडफोड गरेको आरोपमा उनीहरूलाई गिरफ्तार गरिएको हो । यसैबीच नेकपाका सुनसरी जिल्ला इन्चार्ज प्रज्वल श्रेष्ठले नेपाली भूमिमा दर्जनौँ भारतीय गाडीहरू निर्बाध रूपमा प्रवेश गरी गिट्टीबालुवाको तस्करी गर्ने र जनतालाई दुःख दिने गरेको परिवेशमा भारतीय गाडीमाथि कारबाही भएको बताएका छन् । उक्त कारबाहीको आरोपमा बिनाकारण आफ्ना निर्दोष कार्यकर्तालाई गिरफ्तार गरी प्रशासनले ठूलो धरौटी माग गरेको पनि सुनसरी इन्चार्ज प्रज्वलले बताएका छन् ।

यसैबीच नेकपा प्युठानले विभिन्न शक्तिकेन्द्र, गुन्डागर्दी र राजनीतिक आडमा जिल्लामा अनियमितता र भ्रष्टाचार मौलाउँदै गएको भन्दै आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । जिल्ला इन्चार्ज चिन्तामणि घिमिरे र सेक्रेटरी दधिराम सुवेदीद्वारा जारी संयुक्त प्रेसविज्ञप्तिमा स्थानीय जनताहरूबाट भ्रष्टाचार र अनियमिततासम्बन्धी थुप्रै गुनासा र उजुरीहरू प्राप्त भएको पनि बताइएको छ । साथै विज्ञप्तिमा जनसरोकारका यस्ता विषयमा सजक रहन पनि सम्बन्धित पक्षलाई आग्रहसमेत गरिएको छ।

यसैगरी नेकपाका रौतहट जिल्ला सदस्य कञ्चन लामालाई आज अपरान्ह घरबाटै गिरफ्तार गरिएको खबर प्राप्त भएको छ ।

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ